ehetaudasandesh.com
हेटौंडा राष्ट्रिय दैनिक
२५औं वर्ष
# सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्षः २५ ॥ अंकः ३३० ॥ बिहीबार ७ जेठ २०८३ ॥ पञ्चमीं ॥ ने.सं. ११४६ ॥ बछलागा ॥ Thursday 21 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## समस्या पहिचान, अब समाधान



सन्देश संवाददाता

हेटौंडा/हेटौंडा–४ स्थित भैरवरोडमा पानी खोलाजस्तै, बग्ने समस्या समाधानको पहल शुरु भएको छ। ४ र ५ नम्बर वडा अध्यक्षहरु नवीन सिग्देल र सुशील घिमिरे सहित उपमहानगरका योजना प्रमुख ई. सुबोध थापा र वातावरण ई. चन्दा खड्का, जनप्रतिनिधि, प्राविधिक टोली र कर्मचारीसहित स्थानीयबासीसहितको सहभागितामा प्राविधिकरुपमा अध्ययन गर्ने र समस्या पत्ता लगाउने कार्य भएको छ।

पानी जम्नुको कारण भूगिगत् ढलमा देखिएको समस्या र जमेको पानी पास हुने ठाउँ नभएको पहिचान भएको छ। केही दिनअगाडि समस्या समाधानका लागि सल्लाह भएअनुसार अब निकासको कार्य अगाडि बढाइने सिग्देलले बताए।

*आफ्नै निर्णयले उकुसमुकुस प्रदेश*

# कार्यालय खारेज गर्ने कि बजेट बनाउने ?

सुनिता विष्ट

हेटौंडा/बागमती प्रदेश सरकार पछिल्लो समय उकुस–मुकुसको अवस्थामा छ। २०८२ साउनमा नेपाली कांग्रेस बागमती प्रदेशका सभापतिसमेत रहेका ईन्द्रबहादुर बानियाँ नेतृत्वमा सरकार गठन भयो। कांग्रेसकै नेतृत्व भत्काएर आफू मुख्यमन्त्री बनेका बानियाँले लोकप्रिय निर्णयहरु गरे। उनले बागमतीको मुख्यमन्त्रीको पद सम्हाले पछिको पहिलो निर्णय थियो, प्रदेशको मन्त्रालय कटौती गर्ने। यस निर्णय कार्यान्वयन भइसकेको भने छैन।

तथापि सो निर्णय कार्यान्वयनको चरणमा छ। बैशाख २२ गते बसेको मन्त्रिपरिषद् बैठकले हाल रहेका १४ मन्त्रालयबाट ६ वटा मन्त्रालय मर्ज गरेर ८ वटामात्र राख्ने निर्णय गरेको छ। तर, यही निर्णय कार्यान्वयन गर्न भने सकस देखिन्छ। मन्त्रालय मर्ज गर्ने विषयमा सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमाले दुवै सहमत छन्। यसमा प्रमुख प्रतिपक्षी दल नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले पनि समर्थन गरेको छ। तर, एकैपटक ६ वटा मन्त्रालय मर्ज गर्ने निर्णयले न मन्त्रीहरुको मन बुझेको छ, न त कर्मचारीहरुको नै।

मन्त्रालय घटाउने भनेर निर्णय गर्न हतार गर्नुभन्दा घटाएपछि हुने फाइदा/बेफाइदाको अध्ययन गर्नु जरुरी रहेको एक कर्मचारी बताउँछन्। 'हालको तीन तहको सरकार मध्ये सबभन्दा कम प्रशासनिक खर्च प्रदेश सरकारको छ,' ती कर्मचारीले भने–संघ र स्थानीय तहमा हेरेर प्रदेशको खर्च बोझिलो छैन। प्रदेश सरकारको कामको प्रभावकारिता पनि बढेको छ। मन्त्रालयसँगै कार्यालयहरु पनि कटौती गर्ने निर्णयले क्षणिक वाहवाही त कमाइएला, तर दीर्घ कालिन नतिजा भने राम्रो आउँदैन। उनका अनुसार प्रदेशको मन्त्रालयको संख्या कम गर्नै



नहुने भन्ने होइन। तर, काम, कर्तव्य उस्तै नभएका मन्त्रालयहरु एकैठाउँमा समायोजन हुनु भनेको अझ भद्रगोलको स्थिति बन्न सक्छ उनले बताए।

*खारेज कि बजेट ?*

प्रदेश सरकार आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति कार्यक्रम तथा बजेट निर्माणको तयारीमा छ। जेठ १५ गतेसम्ममा सदनमा नीति कार्यक्रम पेश गरिसक्नुपर्ने दबाब एकातिर छ, अर्कातिर बजेट बनाउँदा मन्त्रालय मर्ज र कार्यालय खारेज गरिसक्ने कि बजेट ल्याएपछिको फुर्सद्मा निर्णय कार्यान्वयनमा लैजाने भन्नेमा मन्त्रिपरिषद्मा सहभागी मन्त्रीहरु अलमलमा छन्।

आगामी आर्थिक वर्ष २०८३/०८४ सुरु भएपछि अर्थात् साउन १ गतेबाट कार्यान्वयनमा ल्याइने निर्णय क्याबिनेटबाट भएको छ। तर, कटौती गर्ने कार्यालयलाई बजेट सिलिङ पठाउन के गर्ने, कार्यालय खारेजी प्रक्रिया अघि बढाउने कि बजेट बनाउन केन्द्रित हुने। पछिल्लो समय विषयगत् मन्त्रालयका मन्त्री, सचिवदेखि कर्मचारीसमेत उकुस–मुकुसमा देखिन्छन्। 'आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रारम्भिक बजेट सिलिङ भने पत्र पठाएको छ। यो पत्र हेर्दा निकै कम सिलिङ छ,' प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री विन्दु श्रेष्ठले भनिन्–यस पटक केही कार्यालय पनि खारेज गर्ने निर्णय भएको छ। हाम्रो मन्त्रालय पनि अब छुट्टै नरहने भयो। उद्योगमै पर्यटन र श्रम रोजगार पनि मर्ज हुने भएको छ। यसो हुँदा बजेट बनाउन अलि अलमलजस्तो भएको छ। कर्मचारीहरु पनि अलमलमै हुनुहुन्छ। काम गर्दै जाऔं, केही न केही निर्णय त होला नि।

उनीमात्र होइन, यस्तो अलमलतामा अन्य मन्त्रीहरु पनि छन्। प्रदेशको कृषि तथा पशुपक्षी विकास मन्त्री मधुसूदन पौडेले मर्ज हुने भनिएको कृषि मन्त्रालय र वन तथा वातावरण मन्त्रालय मिलेर बजेट निर्माणको काममा जुटिरहेको बताए। 'कार्यालयहरु कुन कुन खारेजी गर्ने भन्ने टुंगो लागेको छैन,' मन्त्री पौडेलले भने–हाल मन्त्रालयकै विषयमा हामी फोकसमा छौं। कार्यालयहरुले पनि आफ्नो हिसाबले तयारी गरिरहनुभएको छ।

खारेज हुने कार्यालयका लागि किन बजेट विनियोजन गर्ने, यसका लागि त बजेट ल्याउनुअघि नै खारेज गरिसक्नुपर्ने होला नि, सञ्चार कर्मीको प्रश्नमा उनले थपे–साउन १ गतेबाट निर्णय कार्यान्वयनमै ल्याउने भनिएको छ। तर, अझै पनि कुन कार्यालय राख्ने, कुन हटाउने भन्ने निर्णय भइसकेको छैन। यसो हुँदा बजेट बनाउने कि कार्यालय र मन्त्रालय घटाउने भन्ने विषयमा पनि सल्लाह भइरहेको छ। बजेटअगाडि नै काम गरिसक्छौं।

प्रदेश सरकारका प्रवक्ता आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले बजेट बनाउनुअघि नै कार्यालयहरु खारेज तथा मर्ज गरिने बताए। उनका अनुसार सम्बन्धित मन्त्रालयहरुलाई कार्यालय खारेजी र मर्ज गर्न प्रतिवेदन पठाउन भनिएको छ। 'हामीले प्रदेशभरका ११ वटा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट ६ वटामात्र राख्ने गरी प्रतिवेदन बनाएका छौं,' उनले भने–मन्त्रालयमा ६ वटा महाशाखा रहेकोमा ४ वटा राख्ने निर्णय गरेका छौं। अन्य मन्त्रालयले पनि प्रतिवेदन पेश गर्नुहुन्छ। सोही आधारमा कार्यालय मर्ज वा खारेज हुन्छ।

धेरै मन्त्रालय, कार्यालय र निर्देशनालयहरुका कारण राज्यकोषको चालु बजेट खर्च भएको भन्दै यसको नियन्त्रणका लागि प्रदेश सरकारले मितव्ययिता अपनाउन लागेको प्रवक्ता तामाङले बताए। उनका अनुसार मन्त्रालयहरुले आफ्नै तरिकाले बजेट बनाउनेछन्। मन्त्रिपरिषद्बाट निर्णय भएअनुसार गाभिने मन्त्रालयहरुले महाशाखाका रुपमा विनियोजित बजेट कार्यान्वयन गर्नेछन्। 'कार्यालयहरुको हकमा भने बजेट बनाउनुअघि नै आवश्यकताका आधार पहिचान गरेर खारेज गर्नेछौं,' उनले भने–हाल रहेका सबै कार्यालयलाई बजेट विनियोजन हुँदैन। खारेजीमा पर्ने सम्भावना र नयाँ बन्ने कार्यालयका लागि कोड नम्बर बनाएर मन्त्रालयले पठाउँछ। सोही कोड नम्बरमा बजेट छुट्याउँछौं।

प्रदेश सरकारले बागमतीका ५० वटा कार्यालयहरु कटौती गर्ने तयारी गरेको छ। जसबाट करिब ६ सय कर्मचारी कटौती हुने र ठूलो रकम बचत हुने आर्थिक मामिला तथा योजनामन्त्री तामाङले बताए। ती कर्मचारीहरुलाई संघ, प्रदेश र स्थानीय तहमा व्यवस्थापन गरिने उनले बताए।

## वैकल्पिक सडक विस्तारमा प्रदेशको चासो

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशको राजधानी हेटौंडाबाट संघीय राजधानी काठमाडौं जोड्ने वैकल्पिक भीमफेदी –कोगटे–इपा–सिस्नेरी सडकखण्ड विस्तारमा प्रदेश सरकारले चासो देखाएको छ। बागमती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री डा. दिनेशचन्द्र देबकोटाले प्राविधिक टोलीसहित प्रस्तावित सडकखण्डको स्थलगत् निरीक्षण गरेका छन्।

टोलीमा भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा, यातायात पूर्वाधार निर्देशनालयका निर्देशक नवीनकुमार सिंह र पूर्वाधार विकास कार्यालय मकवानपुर प्रमुख सुजन भण्डारी सहभागी थिए।

अनुगमनका क्रममा मन्त्री देबकोटाले सडकक्षेत्रको भौगोलिक अवस्था, हरित उद्यमशीलता, पकेट क्षेत्र विस्तार तथा पर्यटकीय सम्भावनाबारे जानकारी लिए। उनले सडक निर्माणले स्थानीय जीवनयापन सहज बनाउने र वैकल्पिक आवागमन मार्गका रुपमा महत्वपूर्ण भूमिका खेल्ने बताए। मन्त्री देबकोटाले सडक निर्माणलाई पूर्वाधारसँगै कृषि र पर्यटनमा आधारित आयआर्जनसँग जोड्नुपर्नेमा जोड दिए। उनले ग्रामीण उत्पादनलाई बजारसम्म पुऱ्याउने र गाउँबाट फर्किंदा कृषिउपज लैजाने परिपाटी विकास गर्नुपर्ने बताए।

भीमफेदी गाउँपालिका अध्यक्ष लामाका अनुसार प्राविधिक प्रतिवेदनले उक्त सडक प्राविधिकरुपमा सम्भाव्य देखाएको छ। करिब ३० किलोमिटर लामो प्रस्तावित मार्गमा हालसम्म ९ किमि कालोपत्र भइसकेको छ।

# गाउँपालिका लगातार तेस्रोपटक शून्य बेरुजुमा




सन्देश संवाददाता

हेटौंडा/काभ्रेपलाञ्चोकको महाभारत गाउँपालिकामा यसवर्ष पनि शून्य बेरुजु पालिका बन्न सफल भएको छ। आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन अनुसार महाभारत गाउँपालिकामा एक अर्ब १३ करोड ७१ लाख ९० हजारको लेखापरीक्षण गरिएको थियो।

यसअघिको दुई आवमा पनि निरन्तर शून्य बेरुजु कायम राख्न सफल भएकामा पालिकाले यो तेस्रोपटक शून्य बेरुजु बनाउन सफल भएको हो। महाभारत गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले संघीय, प्रदेश र स्थानीय सरकारले बनाएको ऐन, कानुन र गाउँसभाले पारित गरेको बजेटलाई कार्यान्वयन गर्दै आउने क्रममा पालिकालाई शून्य बेरुजु बनाउन सफल भएको बताए।

बजेटको उचित कार्यान्वयनसँगै चन्दा, सहयोग नगरेको र सञ्चालन खर्चलाई घटाएर पुँजीगत् खर्च बढाउने कुरामा ध्यान दिएर जनप्रतिनिधि एवम् कर्मचारीले सामूहिकरुपमा गरेको प्रतिबद्धताअनुसार नियम र कानुनको परिधिमा रहेर काम गरेका कारण निरन्तररुपमा शून्य बेरुजु पालिका बनाउन सफल भएको उनको भनाइ छ।

गाउँपालिकाले लगातार तेस्रोपटक शून्य बेरुजु कायम गर्न सफल भई देशभरका स्थानीय तहका लागि उदाहरणीय सन्देश दिन सफल भएको छ। सार्वजनिक प्रतिवेदन अनुसार काभ्रेपलाञ्चोकको १३ वटा स्थानीय तहमध्ये नगरपालिकातर्फ मण्डनदेउपुर सबभन्दा कम ०.०५ प्रतिशत् अर्थात् कुल लेखापरीक्षण रकमको १० लाख ४९ हजार बेरुजु छ। गाउँपालिकातर्फ चौरीदेउरालीको ०.१८ प्रतिशत् छ। जिल्लाका पनौती नगरपालिका ३.०४ प्रतिशत्, नमोबुद्ध १.३८, धुलिखेल ०.६८, बनेपा ०.७१, पाँचखाल ०.१, बेथानचोक गाउँपालिका ०.५५, तेमाल ०.५, खानीखोला ०.५८, रोशी ०.६२ र भुम्लु गाउँपालिका ०.६८ प्रतिशत् बेरुजु रहेको प्रतिवेदनमा उल्लेख छ।

**जातीय भेदभाव अन्त्य गरौं, समानता र सम्मान बढाऔं।**

- जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लंगन हो–यसको अन्त्य गरौं,
- सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
- विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,
- दलित तथा पछाडि परेका / पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,
- शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं, हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,
- एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं। समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड






**उखान:** बाँदरको पुच्छर लौरो न हतियार ।

॥ ॥ बेलाको बोली ॥ ॥

**मानिसलाई बाँच्नका निम्ती एक चिम्टी बल, आधार र प्रेम चाहिन्छ ।**

*- भानुभक्त आचार्य*

## सम्पादकीय

# बिदेश पलायन रोक सरकार

*नेपालका राजनैतिक दलहरूले प्रतिपक्षमा रहंदा चर्का भाषण र लोभलाग्दा नारा उचालेर जनताको मन र मत जित्छन्, अनि त्यही दल सरकारमा पुगेपछि आफ्ना सबै नाराहरू बिर्सन्छन्, यो नियती नेपाली जनताले २००७ सालदेखि भोग्दे २०८३ सालसम्म आईपुगेका छन् । अझै कति बर्षसम्म यो क्रम चल्ने हो थाहा छैन । यसै क्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले बिदेशको उखर माउलो गर्मीमा रोजगारीमा जाने नेपाली युवालाई आफ्नो सरकार आएपछि सबै युवाहरूलाई स्वेदशमै फर्कने वातावरण बनाउने छौं भनेर चर्को भाषण दिएर नेपाली जनताले मन र मत दिएर लगभग दुई तिहाईको सरकार पाएर अहिले सत्तासिन दल बनेको छ । रास्वपाकै यही एजेण्डालाई मुलमन्त्र मानेर बिदेशीन बाध्य भएका नेपाली युवाहरूले आफ्ना घर परिवारका सबै सदस्यलाई घण्टीमा मतदान गर्न आग्रह गरेबमोजिम रास्वपाले १८३ सिट जित हासिल गरेको हो । तर, रास्वपाकै सरकार रहदा रहदै अति दुखलाग्दो अवस्थाको समाचार बाहिरीएको छ । बिषय हो रोजगारीको लागि युवा पलायन ।*

*रोजगारीको खोजीमा गत वैशाखमा मात्र ७४ हजार बढी नेपाली परदेश भासिन बाध्य भएका छन् । वैदेशिक रोजगार विभागका अनुसार वैशाखमा ६५ हजार १० पुरुष र ९ हजार ४१९ महिला गरी ७४ हजार ४२९ जनाले अन्तिम श्रम स्वीकृती लिएको तत्थ्य सार्वजनिक भएको छ । जुन साह्रै दुखदायी अवस्थाको चित्रण गरेको छ । बैशाख महिनामा सबैभन्दा धेरै नेपाली युवा मलेसियामा रोजगारीको लागि भासिएका छन् । धेरै वर्षअघिदेखि नै मलेसिया नेपालीहरूको रोजाइमा पर्दै आएको छ ।*

*उचित वातवरण, आकर्षक पारिश्रमिक र अन्य सेवा सुविधाका कारणले ती देशमा नेपाली युवाहरूको आकर्षण बढ्दै गएको हो । बैशाख महिनामा मलेसियामा १७ हजार २५२ जना नेपाली गएका छन् । यस्तै युएईमा १७ हजार १०८ जना नेपाली रोजगारीको सिलसिलामा जादा कतारमा १० हजार ६६७ जना गएका छन् । यि तत्थ्याङ्कले सरकारको ध्यानाकर्षण हुन सक्ला कि नसक्ला ? यद्यपी यो बिषयलाई सम्बोधन गर्ने खालको बजेट आगामी दिनमा आउन पनि सक्नेछ, त्यसैले सरकारले यो बिषयलाई सामान्यरूपमा लिनु हुँदैन ।*

## मकवानपुरमा आज


**१: महिला बिकास सहकारी संस्था लि. को आयोजनामा सस्कृती र पर्यटन बिकासमा सहकारीता, कृषि बन र उद्योग क्षेत्रमा अवसर र चुनौतीहरु बिषयक कार्यशाला गोष्ठी बिहान ९:०० बजे रोयल पार्टी प्यालेसको 'C' ब्लकमा ।**

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | खानपानको असावधानीले स्वास्थ्य प्रतिकूल रहला । आम्दानी रोकिनाले केही योजना स्थगन हुन सक्छन् । काम बिग्रने भयले पनि सताउनेछ । | **बृष** | गोपनीयता बाहिरिनाले समस्या आइपर्न सक्छ । साँझदेखि स्थितिमा सुधार आउनाले कर्मको साधना सिद्ध हुने र परिवारको सहयोग पाईनेछ । |
| **मिथुन** | प्रियजनसँग भेटघाट हुनेछ । तर, विचार नमिल्नाले आफन्तसँगै वादविवाद हुन सक्नेछ । प्रेमको बन्धन कमजोर बन्ने समय छ । | **कर्कट** | उधारो व्यापार गर्नुपर्ला । आँटेको यात्रा रोकिन सक्नेछ । काम बिग्रनाले दुःख पाइनेछ । नया काम नबन्ने र न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला । |
| **सिंह** | भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ । साहसी काम गरेर प्रशस्त लाभ उठाउन सकिनेछ । नयाँ योजनातर्फ अग्रसर भइनेछ । | **कन्या** | अरूको विश्वास जित्न केही समय लागे पनि दिगो फाइदा हुने काम हातलागी हुनेछ । साँझतिर व्यापारमा राम्रो उन्नती र फाइदा हुनेछ । |
| **तुला** | काममा केही अलमल हुन सक्छ । अस्वस्थताले कमजोर भएको अनुभूति हुनेछ । परिस्थितिवश लक्ष्यमा पुग्न विलम्ब हुने योग देखिन्छ । | **बृश्चिक** | भौतिक साधनमा क्षति पुग्ने सम्भावना देखिएकाले सजग रहनु होला । प्रतिस्पर्धीहरूबाट पनि अलि जोगिएर काम लिनुपर्ने समय छ । |
| **धनु** | अरूलाई दिएको वचन पूरा गर्न नसकिए पनि शुभचिन्तकहरूले साथ दिनेछन् । परिवारमा आमाको माध्यमबाट नयां काम लिन सकिनेछ । | **मकर** | आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन् । परिस्थितिवश आँटेको काममा विलम्ब हुनेछ । सहयोगीहरूले बीचैमा हात झिक्न सक्छन् । |
| **कुम्भ** | मौका आए पनि समयमा जागरुक नबन्दा पछि परिनेछ । धेरै लाभ उठाउन नसकिए पनि समस्या सुल्झाउन सकिने योग देखिनेछ । | **मिन** | प्रतिस्पर्धीहरूले वादविवादमा फसाउन सक्नेछन्, बिशेष सजग रहनु होला । मिहिनेतले केही नयाँ काम गर्ने अवसर भने दिलाउन सक्नेछ । |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# सोमनाथ मन्दिर र यसको महिमा



**केशव प्रसाद खरेल**
(अधिबक्ता) उपप्राध्यापक

सोमनाथ मन्दिर भारत देशको गुजरात नामक प्रदेशमा अवस्थित छ । यो मन्दिर अत्यन्त प्राचीन तथा ऐतिहासिक मन्दिर हो । सोमनाथ मन्दिरलाई सूर्यमन्दिरको नामबाट पनि चिनिएको पाईन्छ । हिन्दुहरूका लागि यो एक महत्वपूर्ण मन्दिर हो । भारतवर्षमा १२ वटा ज्योर्तिलिंग हरुमध्ये यो ज्योर्तिलिंग पहिलो हो । गुजरातको रौराष्ट्र क्षेत्रमा वेरावल बन्दरगाह छ । जहाँ यो मन्दिर रहेको छ ।

यस मन्दिरको निर्माण स्वयम् चन्द्रदेवले गरेको विश्वास गरिएको छ । यसको उल्लेख ऋग्वेदमा गरिएको पाईन्छ । यो मन्दिर विकास तथा पतन दुवैका लागि प्रमाणको रूपमा रहेको छ । धेरै पटक यो मन्दिर नष्ट पार्ने कोशिस पनि भयो । नष्ट भैसकेपछि पुन: निर्माण गर्ने काम पनि भएको छ । वर्तमान समयमा देखिएको भवनको पुन: निर्माणको शुरूवात भारतको स्वतन्त्रताको पछि लौह पुरूष सरदार वल्लभ भाइ पटेलले गरेका थिए ।

सन् १९५५ मा भारतका प्रथम राष्ट्रपति डा.राजेन्द्र प्रसादले सुम्पेका हुन् । सोमनाथ मन्दिर विश्वप्रशिद्व धार्मिक तथा पर्यटकहरूको मन जित्ने मन्दिर हो । मन्दिरको प्राङ्गणमा बेलुका सांढेसात देखि साढे आठ बजेसम्म साउण्ड एण्ड लाइटको शो देखाउने गरिएको पाईन्छ । जुन समयमा सोमनाथको वारेमा बृस्तृत बृत्तचित्र प्रस्तुत गर्ने काम हुन्छ ।

लोककथा अनुसार यहाँ नै भगवान श्रीकृष्णले पार्थिव शरीरलाई बिर्सजन गर्नु भएको थियो । सोमनाथ मन्दिरमा सोमनाथ ट्रष्टको व्यवस्था छ । उसैले नै सबै कुराको व्यवस्था गरेको पाईन्छ । भारत सरकारले जमिन, बगैचा दिएर आम्दानीको श्रोतको बाटोबाट नै मन्दिर सञ्चालन भएको पाईन्छ । यहाँ विशेष गरी पितृको उद्दारका लागि श्राद्व गर्ने गर्दछन् । नारायणबलिका लागि पनि सोमनाथ मन्दिर प्रशिद्व छ । चैत महिना, भाद्र, माघ महिनामा श्राद्व गर्नाले बढी पुण्य प्राप्त हुन्छ भन्ने मान्यता रही आएको छ । यि तीन महिनामा श्रद्वालु भक्तजनहरूको यहाँ ठूलो भीड लाग्ने गर्दछ । यहाँ ३ नदीहरू पनि छन् । हिरण, कपिला, सर स्वतीको ठूलो संगम् रहेको छ । हरेक त्रिवेणीहरुको बिशेष महत्व भएजसै यहाँको त्रिवेणीको पनि हिन्दुहरुको लागि ठूलो महत्व बोकेको स्थान मानिन्छ ।

*सोमनाथ मन्दिरको किंमवदन्ति ?*

प्राचीन हिन्दु ग्रन्थअनुसार सोम अर्थात् चन्द्रले दक्षप्रजापति राजाको २७ वटा छोरीहरू संग विवाह गरेका थिए । उनले रोहिणी नामकी पत्नीलाई अधिक माया गर्दथे । श्रीमतीहरूलाई भेदभाव गरेको देखेर दक्षप्रजापतिले चन्द्रदेवलाई श्राप दिए । अबदेखि तिम्रो क्रान्ति कमजोर हुँदै जाओस् भनेर । त्यसपछि राजा चन्द्रदेवको तेज क्रमश घट्न थाल्यो । श्रापबाट बिचलित भएर सोमले भगवान शिवको अराधना गर्न लागे । अन्तमा भगवान शिव प्रसन्न भए । सोम चन्द्रलाई श्रापबाट मुक्त गरि दिनुभयो । सोमको दु:ख, कष्ट निवारण गर्ने भएको हुनाले उनले यहाँ शिवको मूर्ति स्थापना गरिएको हुन सक्छ । त्यसैले उनको नामाकरणअनुसार मिलाएर मन्दिरको नाम 'सोमनाथ' हुन भयो ।

भगवान कृष्ण भालुकाको तीर्थमा आराम गरी बस्नु भएको थियो । त्यही समयमा शिका–रीले कृष्णाको गोडाको चिन्हलाई हरिणको आँखा सम्झेर तीर प्रहार गर्‍यो । भगवान कृष्णको पार्थिव शरीरलाई बिर्सजन गरी बैकुण्ठमा जानु भएको सम्झनास्वरुप यहाँ एउटा सुन्दर कृष्ण मन्दिर पनि निर्माण गरिएको पाईन्छ ।

सोमनाथ मन्दिरको इतिहास :

इशापूर्वभन्दा पनि पहिले यो मन्दिर अस्तित्वमा रहेको पाईन्छ । दोश्रो पटक यसै स्थानमा मन्दिरको पुन: निर्माण भएको थियो । यही क्रममा ७ औं पटक बल्लभ वंशका मैत्रेय राजाबाट मन्दिर पुन: निर्माण हुन गएको हो । ८ औं पटक सिन्ध प्रान्तका अरवी गर्भनर जुनायदले मन्दिर नष्ट गर्नका लागि आफ्ना सेना पठाएको वर्णन गरिएको छ । राजा नागभट्टले इस्वी सन् ८१५ मा तेश्रो पटक मन्दिरको पुन: निर्माण गराए थिए । यसको महिमा विश्वको कुना कुनासम्म फैलिएको छ ।

अरवयात्री अलवरूनीले आफ्नो यात्रा विव–रणमा महमूद गजनवीले सन् १०२४ मा ५ हजार साथीको साथ सोमनाथमाथि आक्रमण गरेका थिए । सम्पति लुटेर लिएर जानुका साथै मन्दिर पनि नष्ट गरी दिएका थिए । ५० हजार मानिस मन्दिरको भित्री भागमा हात जोडेर पुजाआजा गर्दै थिए । गुजरातका राजा भीम तथा मालवाका राजा भोजले यसको पुन: निर्माण गराएको वर्णन छ । सन् १२९७ मा जब दिल्लीका शासक सुल्तानले गुजरातमाथि कब्जा गरे तब पनि ५ औं पटक मन्दिर पुन: नष्ट गरी दिए । मुगल बादशाह और गजेवले पुन: १७०६ मा नष्ट गरी दिए । त्यतिखेर जुन मन्दिर खडा थियो । त्यस समयमा गृहमन्त्रीको रूपमा सरदार बल्लभ भाई पटेल थिए । उनले मन्दिर बनाए । पहिलो पटक सन् १९९५ मा भार तको राष्ट्रपति शंकर दयाल शर्माले राष्ट्रका लागि जिम्मा दिए । सन् १९४८ मा प्रभाषतीर्थ प्रभाषपाटणको नामबाट परिचित थियो ।

यसकै नामबाट नगरपालिकाको नाम रहन गएको हो । यो जुनागढको मुख्य नगर हो । पछि गएर यो अर्कैमा परिणत भयो । मन्दिर धेरै पटक नष्ट भई धेरै पटक पुन: निर्माणको काम पनि भएको थियो । शिवलिंग भने यथावत नै रहेको थियो । सन् १०२६ मा महमुद गजनीले पनि सो शिवलिंग पनि नष्ट गरेको देखिन्छ । यही शिवलिंगलाई आदि शिवलिंग पनि भनिन्छ । त्यसपछि स्थापना भएको शिवलिंगलाई सन् १३०० मा अलाउद्यीनको सेनाले नष्ट गरी दिए । त्यसपछि पनि धेरै पटक शिवलिंग नष्ट भएको थियो । आग्राको किल्लामा राखेको एउटा मन्दिर सोमनाथ मन्दिर हो । महमुद गजनीले सन् १०२६ मा लुटेर लगेको सामान आफ्नो दरवारमा लिएर गएका थिए । जुन ठाउंमा अहिले सोमनाथको मन्दिर छ, त्यो ठाउंमा नयाण्रु मन्दिर स्थापना भएको हो ।

राजा कुमार पालले यस ठाउंमा अन्तिम पटक मन्दिर बनाएका थिए । सौराष्ट्रको मुख्य मन्त्रिले यहाँ १९४० मा अन्तिम पटक उत्खनन् गराएका थिए । भारत सरकारको पुरातत्व विभागले उत्खनन् गराउंदा ब्रम्हशिलामा शिवलिंग स्थापना गराएको थियो । सौराष्ट्रको पूर्व राजा दिग्विजय सिंहले मन्दिरको आधारशिला खडा गरे । सन् १९५१ मा भारतको प्रथम राष्ट्रपति डा.राजेन्द्र प्रसादले मन्दिरमा ज्योतिरलिग स्थापना गरे । नयाँ सोमनाथको मन्दिर १९६२ मा पूरा निर्माण भएको थियो । १९७० मा जामनगरको राजमाताले आफ्नो पतिको सम्झनामा उनको नामबाट दिग्विजय ढोका बनाए । द्वारबाट भित्र पस्ने बाटो छ ।

त्यहाँ पूर्व गृहमन्त्रि सरदार बल्लभ भाइ पटेलको मूर्ति राखिएको छ । सोमनाथ मन्दिरको निर्माणमा पटेलको ठूलो योगदान रहेको पाईन्छ । मन्दिरदेखि दक्षिणमा समुन्द्र छ । समुन्द्रको छेवैमा एक स्तम्भ पनि छ । स्तम्भ माथि तीर राखिएको छ । सोमनाथ मन्दिर तथा दक्षिण धुर्वको तल पृथ्वीको कुनै अंश नरहेको बोध हुन्छ । यस स्तम्भलाई वाणस्तम्भ पनि भनिन्छ । मन्दिरको पछाडीको भागमा पार्वतीको मन्दिर रहेको छ ।

सोमनाथ मन्दिरको स्थान:

सोमनाथ मन्दिरको कम्पाउण्डभित्र हनुमानको मन्दिर, पर्दी विनायकको मन्दिर, नवदुर्गा खोडीयारको मन्दिर, महारानी अहिल्यावाइ होल्कर द्वारा स्थापित सोमनाथको ज्योर्तिलिंगको मन्दिर, अहिलेश्वर, अन्नपूर्ण, गणपति, काशी विश्वनाथको मन्दिर आदि रहेको छ । अघोरेश्वर मन्दिरको नजिक भैरवेश्वर मन्दिर, महाकाली मन्दिर, दुख: हर्नेको समाधि स्थल पनि छ । पञ्चमुखी महादेव मन्दिर कुमार वाडामा रहेको छ । विलेश्वर मन्दिर नम्बर १२ को नजिक छ । नम्बर १५ को नजिक राममन्दिर छ । हाटकेश्वर मन्दिर, देवी हिगलजको मन्दिर, कालीका मन्दिर, बालाजी मन्दिर, नरसिंह मन्दिर, नागनाथ मन्दिरसमेत गरी करिव ४२ वटा मन्दिर नगरदेखि १० किलो मिटरको दुरीमा रहेको छ ।

*बाहिरी भागका मुख्य मन्दिरहरू :*

समुन्द्रको किनारामा नै मन्दिर बनेको छ । शशीभूषण मन्दिर, भीडभञ्जन गणपति, बाणेश्वर, चन्द्रेश्वर–रत्नेश्वर, कपिलेश्वर, रोटले श्वर, भालुका आदि तीर्थस्थल हुन् । भालकेश्वर, प्रागटेश्वर, पद्यम् कुण्ड, पाण्डव कुण्ड, द्वारीकानाथ मन्दिर, वालाजी मन्दिर, लक्ष्मीनारायण मन्दिर, रूद्रेश्वर मन्दिर, सुर्य मन्दिर, हिगलाज गुफा, गीता मन्दिर, बल्लभाचार्य महाप्रभूको मन्दिर तथा अन्य पनि धेरै मन्दिरहरू रहेका छन् । प्रभास खण्डकाअनुसार सोमनाथ मन्दिरको साथ साथै अन्य पनि धेरै मन्दिरहरू रहेका थिए ।

त्यस्ता धेरै मन्दिरहरूमा शिवजीको १३५, भगवान विष्णुको ५, देवीको २५, सूर्यदेवताको १६, गणेशको ५, नागमन्दिर १, क्षेत्रपाल मन्दिर १, कुण्ड १९, नदीहरू ९ वटा रहेका छन् । एक शिलालेखमा दिएको विवरणअनुसार महमुदले जब सोमनाथमा आक्रमण गरे तब त्यसपछि २१ मन्दिरको निर्माण गरियो । त्यसपछि विभिन्न मन्दिरहरू क्रमश: बन्दै गए । सोमनाथ मन्दिरबाट २०० किलोमिटर टाढा भगवान कृष्णाको द्वारीका रहेको छ । यहां हरेक दिन द्वारीकाको दर्शनको लागि देश विदेशबाट हजारौ संख्यामा श्रद्वालु भक्तजनहरू आउने गर्दछन् । यहाँ गोमती नदी रहेको छ । यस गोमती नदीमा स्नान गर्नाको ठूलो महत्व छ । गोमती नदीको पानी सुर्यभगवानप्रति अगाडि बढ्दछ ।

*: क्रमश:*

# संस्कार संस्कृतिकी मुहान जननी



**चेतप्रसाद पौडेल**
(सैपुले साहिंलो)



आमाको हातमा खुसीले समाई
बालक अवस्था वित्दथ्यो रमाइ ।
त्रिसत्यबाट महाकाव्याबाट सामार ।

आमाले हातमा समाई जीवन व्यतित गरिने कुरा सिकाउनुहुन्थ्यो । सबैभन्दा ठूलो कुरो हो असल मानिस कसरी बन्ने ? आफूभन्दा ठूलाको आदर सत्कार कसरी गर्ने, आफुभन्दा सानालाई माया कसरी गर्ने ? उन्नति पथमा लक्षित गन्तव्य चुम्नका निमित्त सिकाइको शब्दले शुशोभित भइ–रहन्थ्यो त्यो समय । आमाले भन्नहुन्थ्यो, 'पुत्रस्य परमो धर्म पितृउद्वार कर्मणी' संस्कृतमा भनेर अर्थ लगाउनु भयो, छोराको कर्तव्य भनेको पितृको उद्वार गर्नु हो, बाले भनेको मान्नु पर्दछ ।

आमाले भनेको मान्नु पर्दछ । दाजुले भनेको मान्नु पर्दछ । दिदीले भनेको मान्नु पर्दछ । यी सबैलाई बिहान सखारै उठेर ढोग्नु पर्दछ । सबैबाट आशिवार्द लिनु पर्दछ । आफूभन्दा स–साना भाई एवम् बहिनीलाई माया दिनु पर्दछ । नम्र बोलि वचन गर्नु पर्दछ । यी र यस्ता कामहरु गर्नु गराउनु सबैलाई संस्कार भनिन्छ । संस्कार सिकेर अरुलाई पनि सिकाउनु पर्दछ । यसलाई उत्कृष्ट कला भनिन्छ । कला राष्ट्रको अमृल्य सम्पति हो भनिन्छ । छोराले पितृ उद्वार गर्नु पर्दछ । पितृ भन्नाले देह उत्सर्ग हुनुभएको ब्रम्हलिन हुनुभएको परमधाम लम्बेयात्रामा रहनु भएकोलाई मात्र दिइने संज्ञा होइन, पितृ उद्वार जीवित रहनु भएका बाआमा तथा अग्रज आदिलाई लिनु पर्दछ । पूर्वीय दर्शनमा यी यस्ता दृष्टान्तहरु पस्किएको पाईन्छ । यी त भए उठेर पहिले गर्नुपर्ने प्रमुख कर्तव्य एवम दायित्वहरु आमाले त्योपछि गरिने कार्यको फेहरिस्त यसरी प्रस्तूत गर्दै अगाडि बढाउंदै मायालु पाराले पढाउंदै लानुभयो । ८ वर्षभित्रमा चुडाकर्म काण्ड ब्रतवन्ध गर्नु पर्दछ । जिज्ञासा राखें ब्रतबन्ध भनेको के हो र यो किन गरिन्छ, ब्रतबन्ध गर्नाले के हुन्छ ? भन्दा आमा भन्नुहुन्छ 'तँ सानो छस् सबैकुरा बुझ्दैनस्, ठूलो भएपछि र पढेपछि सबैकुरा बुझ्छस् बाबु त अहिले सानो भएको कारण यतिमात्र बुझ् कि ब्रतबन्ध भनेको ब्राम्हण क्षेत्री यी आदिले पूजापाठ होम जप आदि गरे/गराएर ब्राम्हणद्वारा मन्त्रले शोभित गर्ने र जनै लगाइदिने कार्य गरिन्छ । अनुशासन र चरित्र निर्माण आदिका बारेमा बयान हुने गर्दछ । जनै लगाउँदा धोति पनि फेरिन्छ । धोति फेरेर खाना अलगै बसेर खानुपर्दछ । खाना खाँदाका अवस्थामा बोल्नु हुँदैन ।

बोल्दा अवाच्य बोलिन्छ, भनेर साधना गरिने बन्धनयुक्त कार्यलाई एउटै शब्दमा ब्रतबन्ध भनिन्छ । मनमा जिज्ञासा उठिहाल्यो यक्षप्रश्न आमासमक्ष सप्रेम राखेँ । म ब्राहमण हुँ, हजुरले भन्नुभयो ब्राम्हण क्षेत्रीको ब्रतवन्ध गरिन्छ/गराइन्छ अरु जातिको पनि ब्रतबन्ध गरिन्छ कि गरिदैन ? उहांले सटीक उत्तर दिनुभयो–बाम्हणाडको संविधान भनेको वेद हो, वेदले भन्दछ 'मानिस सबै प्रकृतिका सौगात हुन्, मानिस जन्मंदै जात भएको होइन, कामका आधारमा पछि विभाजन भएको हो । विशेष गरेर ४ जात ३६ वर्ण भनिन्छ । सबैले ब्रतवन्ध गर्नु पर्दछ । सबैजातका छोराको ब्रतबन्ध र छोरीको विवाहपश्चात परिपक्क समाज बन्दछ । वेदले यी कुरा भन्दछ हामी नेपालीहरुको हिन्दू धर्म होइन भनिन्छ । प्राचीन परम्परादेखि पूर्वीय दर्शनले खुलेर वर्णान गरेको पाइन्छ । वैदिक सनातन धर्म । प्राचीन परम्परा र सभ्यता पनि हो । यसलाई नै संस्कार भनिन्छ । संस्कार अमूल्य निधि हो । संस्कार संस्कृति सभ्यता मूल्य र मान्यता यी सबै राष्ट्रका गहना हुन भनिन्छ । सुनको मात्र होइन मन वचन र कर्मले गर्ने गराउने विराट कर्मलाई गहना भनिन्छ । मीठो बोलि वचनले ससाना बाबु नानीहरू प्रसन्न भई पुलकित हुने गर्दछन् । कुशल कर्मले अनुशासन र चरित्र निर्माणका प्रमुख द्वार खोलिदिन्छ । माथि भनेका कुराहरु उच्चारण गरिएको छ । जात ४ प्रकार र ३६ वर्णको सूत्रमा मन्त्रका रूपमा भन्दछु (१) अण्डज (२) उदविज (३) स्वेदजा (४) जरायुज । यी जातलाई उत्पत्ति बारेमा यसरी भनिएको छ अण्डाद्वारा उत्पति हुने १ जात । काटर सरिर विकसित हुने अर्कोजात । मयलद्वारा उत्पत्ति हुने अर्को जात, शुक्रकीटको मिलनपश्चात जन्मिने यी जात हुन । यसरी जातका बारेमा वेदले भनेको छ । मानिसका जम्मा २ (दुई) जात छन् (पुरुष र महिला) ।

अपवादमा १ जात थपिन सक्तछन्, त्यसलाई तेश्रो लिंगी भाले पोथी नछुट्टिन सक्तछ । ३६ वर्ण भनेका ब्यञ्जन वर्णका क–ज्ञ सम्मका अक्षरलाई लिइन्छ । व्यञ्जन वर्ण भनेका के हुन आमा ? यक्ष प्रश्न राखें, आमाले कोमल शब्दमा उत्तर दिनु भयो । यसमा २ कुराहरु छन् (क) स्वर वर्ण (ख) ब्यञ्जन वर्ण । स्वर वर्ण भन्नाले अरुको मद्दत नलिई आफ्नै बलबुताले उच्चारण हुने अक्षरलाई भनिन्छ जस्तै अ,आ, इ, ई । व्यञ्जन वर्णले स्वरको मद्दत लिएर उच्चारण हुने वर्णलाई लिइन्छ । जसरी प्रबन्ध गरेपछि गायत्री मन्त्रका प्रभावद्वारा अनुशासनमा रहन्छ । एउटा व्यक्ति त्योपछि व्यक्तित्व निर्माण गर्ने र चरित्र निर्माण गरेर शुशासन (असल शासन) निर्माता बन्दन्छ । त्यसरी नै स्वरको मिलनपश्चात व्यञ्जन प्राप्त गर्दछ । व्यञ्जन वर्ण आफ्नो सकल सर्जक साधक बन्दछ । मानिसको व्रतबन्ध ४ जात ३६ वर्णको स्पन्दन (मुटु) छाम्न सफल भयको महसुश गरियो । आमाले विराट भूमिका खेल्नु भएको इष्टान्त पस्किने प्रयत्न गरे । पाठक भनेका देवता समान हुन् आमाले भन्नुभएको सारगर्भित शुशब्द मानस पटलमा राखे र सोही अनुरूप पाठकप्रति आदर सत्कार स–सम्मान अर्पण गर्दछु ।

आमाले ब्रतबन्ध गरिसकेपछि घोति फेरेर चुलोमा बसेर नबोलि खाना खानु पर्दछ । जनैद्वारा गायत्री मन्त्र जप्न र यत्नसँग राख्ने सिकाउनुभयो । बावा लालप्रसाद पौडेलद्वारा गुरु बनेर गायत्री मन्त्र सुनाउनु भयो । ६ डोरा जनैले वर्षका छ ऋतु जनाउँदो रहेछ । जसले छ महिना र ६ डोराले १२ महिना बोध गराइने कुरा उल्लेख छ । डोरा जनैमा मसिना डोरा रहेर पूर्णता दिइने रहेछ । ९x६–५४ डोरा बराबर १ जनै हुने पूर्वीय दर्शन वर्णन गर्दछ । १: राम हुने वर्णन गर्नुभयो । रामको गणितीय विधिले र–२७ आ–२ म–२५ योगमा ५४ हुनेछ । ५+४= ९ हुनेछ । ९ अंकको नृपति नवमी । श्रीराम सीताजी जन्मेका विशिष्ट तिथि हुन् । त्रिसत्य महाकाव्य चरित्र विज्ञान ब्रमाण्ड नायक काव्य ५४ शीर्षकमा प्रकाशित भएको छ ।

३ अक्षर ३ लोक प्रतीक ४–४ अक्षर ४ युगका प्रतीक मानिन्छ । बीचमा काव्य र महाकाव्यको प्रसंग पनि स्थगन गरेर संस्कार पालन र प्रचलन बारेमा अगाडि बढाइने प्रयत्नमा तल्लिन छ । आज प्राचीन सभ्यता संस्कार संस्कृति पालन आदिमा शंकाको दृष्टिले हेरिने गरिन्छ, जनै । आज छिमेकी राष्ट्र चाइनाले निर्माण गरेर नेपाल राष्ट्रमा नेपालीहरुको मागअनुसार ल्याइदिने गरेको प्रष्ट छ । नेपालले चाइनाबाट लाखौं लगानी गरेर विधिवत तैयार गरेको जनै खरिद गरेर जनै पूर्वीय दर्शनअनुसार पूर्णिमाको पवित्र दिनमा धारण गर्ने गरेको प्रचलनले परम्परा धानेको छ ।

आमाले हातका औंलामा समाई भविष्यमा ठूलो मानिस भन्दा पनि भविष्यमा असल मानिस बन्नुपर्दछ भनेर प्रेरणा प्रदान गर्ने कार्यमा अहो–रात्र खटने गर्नुहुन्थ्यो । उहाँले दिनुभएका अर्ति उपदेश लक्ष्मण रेखा बनेका छन्, अर्जुन दृष्टि बनेका छन । उत्कृष्ट चरित्र निर्माण गरेर कुशल कर्ममा डटेर खटेर लाग्नलाई भगिरथ प्रयास गरिरहन प्रेरणा प्रदान गरिहनुहुन्थ्यो । आमाले भन्नुभएका ती भुइँका तमाम मानिसलाई गाँस वास कपास शिक्षा स्वास्थ्य रोजगारतर्फमा अतिनै प्रेमपूर्ण सद्भाव सद्ब्यवहार गर्नलाई सदैव घच्घच्याई रहनुहुन्थ्यो । ब्रतबन्ध गरेपछि खाना खानुभन्दा पहिले भजन गर्नु अनि भोजन गर्नु भन्नुहुन्थ्यो । भजन कीर्तनमा सरिक हुन कहिल्यै नचुक्नु । खराब कम गरेर कहिल्यै नझुक्नु । हाम्रो यो शरीर सगरमाथाको चुचुरो झै ठडिनु पर्दछ । चरित्रलाई दरिद्रले बिगार्न सक्तछ, त्योबारे सजग रहनु पाञ्चायन पूजार्चना गर्नुपर्दछ ।

बिहान ३ बजेपछि उठे र नियमित (१)आहार (२) विहार (३) भजन पाठपूजा भोजन गर्नलाई प्रेरित गर्नुहुन्थ्यो । पाञ्चायनका पूजार्चना गर्दाका अवस्था नामहरु याद गर्न लगाउनु हुन्थ्यो । (१) गणेश (२) विष्णु (३) शिवजी (४) सूर्य (५) देवी यी पाञ्चायनलाई नुहाइधुवाई गरेर चन्दन अक्षता फुल पुष्प आदि जौ तिल कुश आदिका बारेमा दिमागमा राख्ने सरल सवल प्रयासको अहिले पनि मलाई ताजै छ । मलाई लाग्दछ आमा भनेको राष्ट्र हुन्, तीर्थ हुन् र उत्कृष्ट घर पनि हो । छोरा छोरीका निमित्त आमा धरती हो । आमा घरको छानो हो भन्दछन् । आमाले आफूले नखाई हामीलाई खुवाउने गर्नुहुन्थ्यो, र हामीलाई असल ब्यक्ति बन्न प्रेरणाा दिनुहुन्थ्यो ।

*समाप्त*

# रुद्रघण्टी हरायो !





गायत्री लम्साल

माफ गर्नुहोला ! रुद्रघण्टी भन्ने कुरो मेरो मात्र होइन, तपाईंहरूको पनि हराएको हुनसक्छ । जे पर्ला–पर्ला एकपटक सबैले छामिहाल्नोस् ।

म सानो हुँदा बाबाले भन्नुहुन्थ्यो हेर केटा हो, महिला–हरूको रुद्रघण्टी हुँदैन । त्यसैले कुनै पनि कुरा तेरा दिदी, बहिनीहरूलाई नसुनाएस् । कुरा त त्यतिबेला के बुझ्नु र ? जे होस् हस् भन्दै टाउको चाहिँ हल्लाए । बाल मस्तिष्कमा परेको छाप किन मेटिन्थ्यो र झन् प्रगाढ बन्दै गयो ।

कक्षा ९ मा पढ्दा स्वास्थ्य शिक्षा पढाउने सरले मानिसको शरीर दुई सय छ वटा हड्डीको टुक्रा मिलेर बनेको हुन्छ भनेर सिकाउनु भयो । सरले भनेको कुरा मेरो मनमा भने दुई सय छ वटा हड्डी हुने भनेको पुरुषको शरीरमा हो, महिलाको शरीरमा त जम्मा दुई सय पाँच वटा हुन्छ भन्ने अनुमान लगाए । त्यही भएर त होला हरेक कामकुरामा हामी पुरुषहरू नै निकै ठूला हुन पाउने ।

बच्चादेखि नै एउटा सीमा भन्दा बढी मात्त पाइने मलाई मात्र होइन, समस्त पुरुषहरूलाई त्यही एउटा बढी रुद्रघण्टीको हड्डी भएर बनाएको हुनुपर्छ । नत्रभने सबै काम दिदीबहिनीहरूले गर्दा म आफूलाई ठालु बनाउन कहाँ पाउँथें होला र ? एउटा हड्डीको कमालको बखान कति गर्नु ?

महिलाहरू हाँसे भने उत्ताउली, नाचे भने उरन्ठेउली, चर्को बोले पोथी बासी, नबोलीकन बसे घोसेमुन्टे, सुस्तरी बोले घुसघुसे, सफा र चिरिच्याट्ट परे नक्कली, फोहोरी भए अल्छी, अधम . . .रामराम कति जानेका हौं हामीहरूले ।

म एउटा नारीवादी पुरुषले त यति धेरै भन्छु भने अन्य पुरुषवादी पुरुषहरूले के–के भन्न सक्नुहोला कुन्नि ? जे–जे भन्दा पनि चुपचाप सहेर बस्ने महिलाहरू यही रुद्रघण्टी नभएर होला भन्ने ठहर मेरो बाल मस्तिष्कमा परेको छाप अहिलेसम्म जहर बनेर बसेको छ ।

रुद्रघण्टी हुनेको महिमा र नहुनेको महामहिमा यस्सो बेलि–बिस्तार गरिन्छ अब । रुद्रघण्टी हुनेले दारु खाए पनि ठिक, भारु खाए पनि ठिक, डलर खाए पनि ठिक, इमान्दा–रिता र नैतिकता सबै चपाए पनि ठिक, बलात्कार गरे पनि ठिक, चोर, डाँका, फटाहा भए पनि ठिक, दुई–चार वटाका श्रीमती भिरे पनि ठिक, २४सै घण्टा जँड्याहा र जुवाडे भएर फिरे पनि ठिक, आफ्नो सम्पत्ति, छोराछोरी, श्रीमती सबै बेचे पनि ठिक, मारे पनि ठिक, एउटा अण्डर वयर र स्याण्डो भेष्ट लगाएर वा नलगाई नागै हिंडे पनि ठिक । किनकि उसको रुद्रघण्टी छ । उसको रक्षाकवच भनेको नै रुद्रघण्टी हो । उसलाई मन लागेको कर्म–कुकर्म सबै गर्नलाई छुट छ ।

कति छ्यापछ्याप्ती छन् बरै रुद्रघण्टीको बारेमा पढाउने कलेजहरू । घरमा त्यही पढें, समाजमा त्यही पढें, हुँदाहुँदा कता नि तालुमा आलु फलेको बेला विदेशमा गएको त्यहाँ पनि त्यही पढें भनेपछि तपाईंहरूले रुद्रघण्टीको चुरो कुरो बुझ्नु भो त ।

मान्नै पर्छ क्या हाम्रो रुद्रघण्टी हुनेहरूको पावरलाई । नराम्रा काम गरी–गरी समाजमा ठालु हुन पाइन्छ । कसैले छोपेर बाँध्न नसक्ने भालु हुन पाइन्छ । न त दाउराको चुलो बालियो न त आजभोलिका आधुनिक ग्याँस, इन्डक्सनकै चुला बाल्न जानिएको छ । तैपनि आमाले आफूले नखाई हामीलाई पहिला ख्वाउँछिन्, दिदीबहिनीले आफूले नखाई कन हामीलाई ख्वाउँछन् । श्रीमतीले आफू ब्रत बसेरै भए पनि हामीलाई नै ख्याउंछन् । हामी रुद्रघण्टी हुनेले ख्याउनुपर्ने भनेको त गर्लफ्रेण्डहरूलाई मात्र त हो नि । त्यै पनि आफैले बनाएको होइन । साहुनीको पसलमा गएर आनन्द संग ।

कति मज्जा हो बाबै हामीलाई । एकछिन यसो रोमान्स गर्दा छोरा छोरी बसिहाल्छन् । उनीले भाउन्न ठक्कर र नखाउन्न घुस्सा खाँदै नौ महिनासम्म पेटमा राखेर बच्चा जन्माउँछिन् । अनि तिनै कसका छोरा छोरीभन्दा सबैले बाबुको नाम भन्छन् । आमाको नाम कसैले भन्दैनन् ।

आजभोलि त अझ महिला–हरूको आत्मनिर्भर बन्ने क्रम बढि–रहेको छ । यसको फाइदा पनि सबै हामी रुद्रघण्टी हुनेहरूले नै उठाइ–रहेका छौं । कुरा के भने नि पहिला पहिला त बरु घरको काम केही नगरे तापनि बाहिर काम गरेर कमाएको सबै पैसो घरकालाई दिइन्थ्यो । त्यसैले बालबच्चाको लालनपालन, घरखर्च टार्न बाध्य भइन्थ्यो । आज भोलि त त्यो झ्याउ पनि सबै हट्न थालिसक्यो । उनैले कमाउंछिन्, उनैले बालबच्चा पाउंछिन्, उनैले हुर्काउं–छिन्, उनैले पढाउंछिन् कति हाइ–सञ्चो छ है हामीलाई ।

त्यसैले अहिले सरकारले जागिरको मामिलामा महिलाहरूलाई आरक्षण दिने कुरो ४५ प्रतिशत मात्र होइन, ९० प्रतिशत नै दिए पनि हामी रुद्रघण्टी हुनेहरूको केही गुनासो नभएको कुरा उजुरी पेटिकामा खसालियो ।

आधुनिक समयको सबै कुराको काइदा र फाइदा झन् बढी रुद्रघण्टी हुनेहरूलाई नै भएको छ भन्ने कुरो सबैले नबुझ्दा उसलाई नै घाटा हुन सक्छ । पहिलाको जमानामा रुद्रघण्टी नभएका पधेर्नीहरूले गर्ने गफगाफ आजभोलि रुद्रघण्टी भएकाहरूले दिनको दुई पटक बिहान चिया पसलमा, अनि साँझ दारु पसलमा गर्न थालेका छन् ।

अरूका कुरा काट्नेले आफ्नो कुरा काट्न किन डराउनु ? मेरै अनुभव सुन्नुहुन्छ भने–'बिहान चिया पसलमा चिया खाँदा मेरी श्रीमतीको हातै मिठो छ, बातै मिठो छ, कामधन्दाको त झन् कुरै नगरौं । मलाई सबैभन्दा राम्री आफ्नै श्रीमती लाग्छ । उनलाई बाहेक अरूलाई यसो छड्के नजर लगाउन पनि डर लाग्छ । मेरी श्रीमतीलाई ब्युटीपार्लर के हो थाहा छैन तर पनि उनी निकै राम्री छन् । घांटीदेखि पाइतालासम्म ढाक्ने पहि–रन लगाऊ भन्छु । केही नभनी खुरुखुरु मान्छिन् । परिवारको केही टेन्सन छैन सबै उनीले नै धान्छिन् ।'

अनि साँझ जब दारु पसलमा छिरेर साथीहरूसंग चियर्स गर्छु अनि भन्न थाल्छु, 'फल्नाको श्रीमतीको जीउडाल यस्तो छ गोप्य अंगहरू त काटेकुटे मेरै श्रीमतीको जस्तो छ । मलाई त आफ्नी श्रीमतीभन्दा अरूका श्रीमती नै राम्रा लाग्छन् । फल्नीले चट्ट ब्युटीपार्लर गएर कति सिंगारिन जानेकी हो । आफ्नी त यो मामिलामा गोबर गणेश नै छ क्या । फल्नाकी छोरी राम्री भएर के गर्नु सानोतिनो पसलमा छिर्नै मान्दिन । यसो एकाध घण्टा गफ गर्दा समेत उसलाई आठ–दश वटा हात्ती खुवाउनुपर्छ । फल्नीकी श्रीमती मसंग मात्रै नजिक भएकी होला भनेको त ऊसंग पनि मसंग भन्दा झन् नजिक रहिछ । ऊ के ऊ कस्तो नाम नै बिर्सिएछु, त्यो त निकै ब्वाइफाले छ है, एउटा संगसंगै हिंडेको कुरा अर्कोसंग भनिहाल्छे । धर्मोधर्म यो दारु भन्ने कुरो खाएपछि भित्री गोप्य कुरा पनि केही ढांट्न मन लाग्दैन । अँ साँच्ची तिमीले कतिवटा अरूका जहान समायौ मलाई थाहा भएन, तर मैले भने बीस वटा पनि पुगेको छैन है । दारु खाएको बेलामा बोलेको कुरा हो बाबै भोलि फेरि मेरी घरकीलाई पोल लगाउने होइन नि ।'

एकदिनको कुरा हो । म अलि सिरियस भएर घरमा बसें । बिहान चिया पसलमा पनि गइन, अनि साँझ दारु पसलमा पनि । एक तमासले मेरी श्रीमतीलाई हेरि रहें । बिहानदेखि राती सुत्ने बेलासम्म उसलाई एक मिनेट पनि फुर्सद छैन । कार्यालयको काम, घरको काम, पारिवारिक माया ममता, सामाजिक जिम्मेवारी आदिले कचक्क किचिएकी छन् । उमेरमै उनको अनुहारमा मुजा पर्न थालेको छ । नढाँटी भन्दा अरूका श्रीमती धेरैको अनुहार हेर्न बानी परेको मैले आफ्नै श्रीमतीको अनुहार राम्ररी हेर्न भ्याएको रहेनछु । न त उनलाई आफ्नो श्रृंगार गर्ने फुर्सद छ न त अरूका कुरा काट्ने ।

एकाएक भावुक भएँ म । एकतमासले हेरिरहंदा उनको अनुहार भन्दा तल घांटीमा रुद्रघण्टी भएको देखें । झन् आश्चर्यमा परें । अनि मैले आफ्नै रुद्रघण्टी छामें । अहँ कहींकतै नामनिसाना नै पाइनं आफ्नो रुद्रघण्टीको । मेरो रुद्रघण्टी हराएर मेरी श्रीमतीको घाँटीमा सरेजस्तै सबैको रुद्रघण्टी सबैका श्रीमतीमा सऱ्यो भने के होला ? अहिलेका रुद्रघण्टी नहुनेले गर्ने कामकुराहरू सबै रुद्रघण्टी हुनेले गर्न पर्दा यो संसार कस्तो होला ? रुद्रघण्टी हुनेहरूको शारीरिक र मानसिक अवस्था कस्तो होला ? सोच्दासोच्दै मलाई भाउन्न होला जस्तो भयो । मेरो त रुद्रघण्टी हराइसक्यो कृपया सक्नुहुन्छ भने तपाईंहरूले नहराउंदा सबै पुरुष जातिको कल्याण नै हुन्छ है । बेलैमा भन्देको छु । कसैले सुनिन भन्न पाउनुहुने छैन ।

जदौ . . . . . .

# खानेपानीमा कर खारेजी मार्दै उपभोक्ताहरुको प्रदर्शन

सन्देश संवाददाता

काठमाडौं/खानेपानीमा लगाइएको कर खारेज गर्न तथा विद्युत् महसुल छुट दिन माग गर्दै उपभोक्ताहरुले माइतीघरमा प्रदर्शन गरेका छन् । खानेपानी तथा सर–सफाइ उपभोक्ता महासंघ नेपाल (फेडवासन) को नेतृत्वमा बुधबार प्रदर्शन गरिएको हो ।




महासंघले खानेपानी उपभोक्ता समितिहरुमाथि कर लगाउने सरकारी निर्णय फिर्ता लिन, विद्युत् महसुलमा सहुलियत उपलब्ध गराउन तथा अधुरा खानेपानी योजनालाई पर्याप्त बजेट विनियोजन गरी सम्पन्न गर्न सरकारसँग माग गरेको छ । महासंघ अध्यक्ष राजेन्द्र अर्यालले सामुदायिक तथा गैरनाफामूलक संस्थाका रुपमा सेवा दिंदै आएका देशभरका ४६ हजार खानेपानी उपभोक्ता समिति माथि सरकारले कर लगाएको जानकारी गराए ।

यस्ता संस्थामाथि २५ प्रतिशत् कर लगाएर उपभोक्ता समितिलाई आर्थिकरुपमा धरासयी बनाउन नहुने उनको भनाइ छ । उनका अनुसार उपभोक्ता समितिले नाफा कमाउँदैनन्, लाभांश बाँड्दैनन् । मर्मत, सम्भार र आयोजना विस्तारका लागि संकलित रकममै कर लगाउँदा संस्था सञ्चालन गर्न कठिन हुने उनले बताए । उनले विद्युत् महसुलमा सहुलियत उपलब्ध गराए उपभोक्ताले सस्तोमा खानेपानी सेवा पाउने बताए ।

उनले सरकारले खानेपानी क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए । नयाँ सरकार गठनपछि खानेपानी मन्त्रालयलाई शहरी विकास मन्त्रालय तथा भौतिक पूर्वाधार मन्त्रालयसँग गाभेर पूर्वाधार विकास मन्त्रालय बनाइएकाले खानेपानी तथा सरसफाइ क्षेत्र ओझेलमा पर्ने चिन्ता व्यक्त गरे । उनले छुट्टै मन्त्रालय कायम भएमा दीर्घकालीन योजना कार्यान्वयन प्रभावकारी हुने बताए ।

उनले अर्थ मन्त्रालयले स्रोत सुनिश्चित नगर्दा धेरै खानेपानी योजना अधुरै रहेको दाबी गर्दै आगामी बजेटमार्फत् ती योजनालाई पूर्णता दिन माग गरे । शंखनगर खानेपानी उपभोक्ता समिति अध्यक्ष झविन्द्र भण्डारीले सरकारविरुद्ध नभइ खानेपानीमा लगाइएको कर र विद्युत् महसुल छुटको माग राख्न आफूहरु सडकमा उत्रिएको बताए । उनले उपभोक्ता समितिमाथि कर लगाउने निर्णय अत्यन्त निन्दनीय भएको टिप्पणी गर्दै अघिल्ला सरकारले आफ्ना माग बेवास्ता गरेको गुनासो गरे ।

प्रदर्शनमा सहभागीहरुले सन् २०३० भित्र सबै नागरिकमा सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्न, साना खानेपानी योजनालाई एकीकृत गरी बृहत् आयोजना सञ्चालन गर्न, उपभोक्ताको अधिकार संरक्षण गर्न तथा खोला, कुला, पोखरी संरक्षण र वृक्षारोपणमा सरकारको ध्यानाकर्षण गराएका छन् । २०६० सालमा स्थापना भएको महासंघ देशभरका करिब ४५ हजार खानेपानी उपभोक्ता समितिहरुको छाता संगठन हो । महासंघले उपभोक्तामैत्री कानुन निर्माणका लागि सरकारसँग पैरवी गर्दै आएको जनाएको छ ।

# कांग्रेस, एमाले र नेकपाबिच 'वाम–डेमोक्रेट' गठबन्धनको गृहकार्य



काठमाडौ/फागुन २१ को निर्वाचन नतिजाले संसदमा सानो आकारमा खुम्चिएका नेपाली कांग्रेस, नेकपा एमाले र नेकपाबिच सहकार्यका लागि गठबन्धन बनाउने गृहकार्य सुरु भएको छ ।

वालेन्द्र (बालेन) शाह नेतृत्वको सरकारका कामकारबाही, संविधान र लोकतान्त्रिक गणतन्त्रको मर्म र भावनाविपरीत हुन थालेको भन्दै सरकार र नेपाली जनतालाई सजग र सतर्क गराउन जरुरी रहेको उनीहरूको भनाइ छ ।

अवस्था जटिल बन्दै गएको भन्दै यो व्यवस्था ल्याउन योगदान गरेका दलहरूबिच सहकार्यको आवश्यकता महसुस गर्दै पुराना तीन दलले त्यसको गृहकार्यस्वरुप नेताहरू–बिच लगातार संवाद र छलफल थालेका हुन् । तीन वटै दलका नेताहरू गठबन्धन निर्माणका लागि पहल भइ–रहेको स्वीकार गर्छन् ।

उनीहरूका अनुसार कांग्रेस, एमाले र नेकपाका शीर्ष नेताहरूबिच औपचारिक/अनौपचारिक भेटघाट र संवादका क्रममा सरकारका ज्यादती–विरुद्ध एक भएर जाने सैद्धान्तिक सहमति जुटे पनि व्यावहारिकरूपमा कसरी जाने भनेर ठोस निष्कर्षमा पुग्न बाँकी छ ।

एमाले अध्यक्ष ओलीले जेठ ४ गते बसेको एमाले सचिवालय बैठकमा कांग्रेस र नेकपाका शीर्ष नेताबिचमा यसबारे कुराकानी भइ–रहेको ब्रिफिङ गरेका थिए । 'अध्यक्ष–ज्यूले यसबारेमा अस्तिको बैठकमा ब्रिफिङ गर्नुभएको छ,' एमाले सचिव भानुभक्त ढकालले भने, 'पुनः छलफल गरेर निष्कर्षमा पुग्ने शीर्ष तहमा कुराकानी भएको बुझिएको छ ।'

हाल प्रदेशहरूमा कांग्रेस–एमाले गठबन्धनकै सरकार छन् । उनीहरूले केही प्रदेशमा आलोपालो नेतृत्व गर्ने सहमति गरेका थिए । उक्त सहमतिअनुसार असारसम्ममा प्रदेश सरकारको नेतृत्व परिवर्तन गर्नुपर्नेछ ।

हाल कोशी, लुम्बिनी र कर्णालीमा एमाले नेतृत्वमा सरकार छ भने बागमती, मधेस, सुदूरपश्चिम र गण्डकीमा कांग्रेसले सरकारको नेतृत्व गरिरहेको छ । यस्तो अवस्थामा नेकपालाई सुदूरपश्चिम प्रदेश सर–कारको नेतृत्व दिन सकिने एमालेको प्रस्ताव छ भने मधेसमा कांग्रेसकै नेतृत्वको सरकारमा एमाले सहभागी हुने ढंगले छलफल भइरहेको बताइएको छ ।

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेल संविधान र लोकतान्त्रिक गणतन्त्रको रक्षार्थ लोकतन्त्रको पक्षमा रहेका शक्तिहरूसँग सहकार्य गर्न कांग्रेस खुला रहेको बताउँछन् । त्यसबारेमा दलहरूबिच संवाद र छलफल हुनुलाई स्वाभाविकरूपमा लिनुपर्ने उनको भनाइ छ । 'संविधान र गणतन्त्रको रक्षार्थ सहकार्य गर्न कुनै कठिनाइ छैन । त्यसका लागि हामी संविधान र व्यवस्थाका पक्षधर सबैसँग सहकार्य गर्दै अगाडि बढ्न तयार र खुला छौं', महामन्त्री पौडेलले भने, 'प्रदेशका सवालमा पनि हामी अन्तरविरोध र अस्थिर सरकारको पक्षमा छैनौं ।'

त्यसबारेमा उनले पहिला एमाले कांग्रेसबिच नै समझदारी कायम गरेर जाने विषय रहेको भन्दै त्यसबाहेक अवस्थाअनुसार संसदमा उपस्थित भएका दलहरूसँग पनि संवाद र सहकार्य गर्न सकिने बताए ।

## आर्थिक प्रस्ताव बारेको सूचना

**यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३ जेष्ठ ०५ को बैठक निर्णयअनुसार स्कुल बस खरिद प्रकृयाको लागि मिति २०८२/११/२८ गते यस विद्यालय र मनहरी गाउँपालिका विच आ.व. २०८२/०८३ मा यस विद्यालयको नाममा स्कुल बस खरिदको लागि सम्झौता भएबमोजिम यस विद्यालयलाई बस खरिद गर्ने प्रकृयाका लागि मिति २०८३/०१/११ मा प्रकाशित सूचना बमोजिमका शर्तहरु पालना गरी बस उपलब्ध गराउन सक्ने यस विद्यालयको मिति २०८३/०२/०५ गतेको ब्यबस्थापन समितिको बैंठकको निर्णयअनुसार प्राविधिक प्रस्ताव प्राप्त हुन आएका तपशिल अनुसारका अधिकृत विक्रेता वा उत्पादकहरुबाट सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आर्थिक प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ ।**

***तपशिल :***

१. सिप्रदी ट्रेडिङ्ग प्रा लि काठमाण्डौ
२. लक्ष्मी कमर्सियल भेईकल्स् प्रा.लि.काठमाण्डौ

**श्री राष्ट्रिय माध्यमिक विद्यालय**

**सम्पर्क नं. ९८०२५९६९७६/९८११२११४०१/९७०७२७६१९८**

# अध्यक्ष बन्न १२ वर्ष !

काठमाडौं/स्वतन्त्र ऊर्जा उत्पादकहरुको छाता संगठन (इप्पान) को २१ औं वार्षिक साधारणसभाले विधान संशोधनको निर्णय गरेको थियो । २१ औं साधारणसभाको निर्णय अनुसार २३ औं साधारणसभाले विधान संशोधन गरेर इप्पानको वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष बन्न नपाउने गरी निर्णय गऱ्यो ।

जेठ २९ गते हुने इप्पानको २४ औं साधारणसभाले खुला प्रतिस्पर्धाबाट अध्यक्ष नियुक्त गर्नुपर्ने हो । तर, २३ औं साधारणासभाले गरेको निर्णय हाल इप्पानको नेतृत्वले कार्यान्वयन नै नगरेको पाइयो । विधान संशोधन नहुँदा हाल इप्पानको अध्यक्ष बन्न नै १२ वर्ष लाग्ने भयो । हालको व्यवस्थाअनुसार १ कार्यकाल कार्यसमिति सदस्य, १ कार्यकाल पदाधिकारी, पदाधिकारी भएपछि वरिष्ठ उपाध्यक्ष र वरिष्ठ उपाध्यक्ष नै स्वतः अध्यक्ष हुने हो । इप्पानको कार्यसमिति ३ वर्षको हुन्छ । सोही आधारमा इप्पानको सदस्य भएको १२ वर्षपछि मात्र अध्यक्ष बन्छु भन्न पाइन्छ ।

काठमाडौं महानगरपालिकाको मेयर बालेन शाह देशको प्रधानमन्त्री बनिसके । एउटा क्षमतावान् व्यक्ति इप्पानको अध्यक्ष बन्छु भन्दा १२ वर्ष पर्खनुपर्ने, इप्पानभित्र यो सिण्डिकेट किन भनेर नै विधान संशोधनको आवाज उठाउँदै आएको हो । सोहीअनुसार इप्पानको २१ औं वार्षिक साधारणसभाले इप्पानका सल्लाहकार भानुभक्त पोखरेलको संयोजकत्वमा अध्ययन समिति गठन गरेको थियो ।

उक्त समितिलाई इप्पानको विधान संशोधन तथा मस्यौदा बनाउने जिम्मा दिइएको थियो । भानुभक्त पोखरेलको नेतृत्वमा समितिमा इप्पानको सदस्य तथा वरिष्ठ अधिवक्ता होमकान्त चौलागाई सदस्य रहे । संयोजकले नै २ जना विज्ञ सदस्य नियुक्त गर्ने जिम्मेवारी अनुसार उनले पूर्वसचिव सुमन शर्मा र इप्पान पूर्वअध्यक्ष डा. सन्दीप शाहलाई विज्ञका रुपमा राखे । समितिमा इप्पानको कार्यसमितिमा १ जना रहने भन्ने प्रवधानअनुसार तत्कालीन उपाध्यक्ष राम आचार्य रहे ।

२१ औं साधारणसभाले नै उनीहरुलाई जिम्मेवारी दिएको थियो । समितिले इप्पानको कार्यसमिति, विज्ञ सदस्य, हाइड्रोका विज्ञलगायत सरोकारवालाहरुसँग छलफल गरेर समितिले अध्ययन प्रतिवेदन बुझायो । २३ औं साधारणसभामा आइपुग्दा उक्त प्रतिवेदनअनुसार अध्यक्ष बन्नका लागि १ कार्यकाल कुनै पनि पदमा बसेको हुनुपर्ने (सदस्य वा पदाधिकारी), उपाध्यक्षसम्म खुलारुपमा चुनाव लड्न पाउने गरी संशोधन गरिएको थियो ।

२१ औं साधारणसभाको निर्णयअनुसार २३ औं साधारणसभाले विधान संशोधनको निर्णय साधा–रणसभामै पेश गरेको छ । संशोधन इप्पानको तत्कालीन कार्यसमितिलाई दिइएको थिएन । निर्णयमा लेखियो, तर निर्णय जिल्ला प्रशासन कार्यालयमा बुझाएर संस्था नवीकरण नै गरिएन । हाल विधान संशोधन दिइएन, प्रतिवेदनमात्र पाएको भनेर उम्किएका छन् । विधान संशोधनको मस्यौदा नै हरायो, निर्णयमात्र भएका कारण जिल्ला प्रशासनमा बुझाउन नपाएको कुरा छ । हाल इप्पानभित्र हराएको कागज खोजी भइरहेको छ । साधारणसभाको मिति तोकिँदा पुरानो निर्णय नै हराउनु राम्रो भएन । बिजुली उत्पादन गर्ने कम्पनीको छाता संगठनका रुपमा रहेको एक वर्षसम्म साधारणसभाको निर्णय कार्यान्वयनमा नजाने र हरायो भनिरहँदा कम्पनीको सुशासनमाथि प्रश्न उठेको छ । संस्थागत सुशासन नभएको भन्दै संस्थाले गरेको निर्णयको पत्र नै सार्वजनिक गरियो । गोप्य कागजपत्र बाहिर निकाल्यो भन्ने आरोप पनि लगाइएको छ ।

पत्र सार्वजनिक गर्दै गत शुक्रबार इप्पानका अध्यक्षलाई सम्बोधन गरेर एउटा पत्र लेखेर ध्यानाकर्षण गराइएको छ । उनलाई पत्रमै स्पष्ट रुपमा भनिएको छ–२३ औं साधा–रणसभाले गरेको निर्णय कार्यान्वयन नगरी निर्वाचन प्रक्रिया थाल्नु हुँदैन । त्यो गैरकानुनी हुन्छ, यो अगाडि बढाउन पाईंदैन । उनले हालसम्म छलफलका लागि बोलाएका छैनन् । अब उनले के निर्णय गर्छन्, त्यसका आधारमा थप निर्णय हुन्छ ।

हालको इप्पानको संरचनाले नेतृत्व हस्तान्तरणलाई स्वभाविक र प्रतिस्पर्धी बनाउन सकेको छैन । संस्थामा योगदान दिन सक्ने, ऊर्जाक्षेत्रको नयाँ चुनौती बुझ्ने र काम गर्ने क्षमता भएका व्यक्तिहरु भए पनि उनीहरु नेतृत्वमा पुग्न १२ वर्षसम्म कुर्नुपर्ने बाध्यता बनाएको छ । संस्थामा काम गर्ने इच्छा, भिजन र क्षमता भएका धेरै छन् । तर, हालको संरचनाले नेतृत्वमा पुग्ने बाटो नै लामो बनायो । यसले नयाँपुस्तालाई निरुत्साहित गर्दै आएको छ ।

इप्पानभित्र संस्थागत लोकतन्त्र कमजोर बन्दै निर्णय प्रक्रिया सीमित घेराभित्र केन्द्रित भएको छ । ऊर्जाक्षेत्र हाल तीव्र परिवर्तनको चरणमा रहेको र यस्तो अवस्थामा इप्पानजस्तो संस्थाले पनि आफूलाई समयानुकूल परिवर्तन गर्नुपर्ने आवश्यकता छ । ऊर्जाक्षेत्र पुरानो अवस्थामा छैन । नयाँ लगानीकर्ता आएका छन्, नयाँपुस्ता आएको छ, नयाँ चुनौती आएका छन् । तर, संस्थागत् संरचना भने पुरानै ढाँचामा अड्किएजस्तो देखिन्छ । त्यसैले २३ औं साधारणसभाले पास गरेको निर्णय कार्यान्वयन नभइ निर्वाचन हुन सक्दैन ।

साधारणसभाको निर्णय कार्यान्वयन नहुँदा एक वर्षदेखि जिल्ला प्रशासन कार्यालय काठमाडौंमा इप्पान नवीकरण नै हुन सकेको छैन । पुरानो निर्णय कार्यान्वयन नहुँदा संस्था नै नवीकरण हुननसकेको हो । सुरुवाती चरणमा एकैले यो हुनसक्दैन भनिएको हो । हाल इप्पानकै कार्यसमिति भित्रकाहरु उक्त कुरालाई समर्थन गर्दै आएका छन् ।

अध्यक्षले कुन आधारमा निर्वाचन गर्ने भन्ने आधार नै सार्वजनिक गर्न सकेका छैनन् । उनले सार्वजनिक गरेकै आधारमा थप निर्णय लिइनेछ । इप्पानमा बरिष्ठ उपाध्यक्ष हुने भन्ने प्रवधान नै केही समयअघि मात्र ल्याएको हो ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०२/०७


**यस कम्पनीको मिति २०८३/०१/१८ मा सम्पन्न विशेष बैठक/साधारणसभाको निर्णय अनुसार साविकको क्यालिबर एकेडमिक एण्ड करिअर एसोसिएट्स हेटौडा प्रा.लि. (प्रा.लि.नं. ३२८४०८) को नाममा रहेको सम्पूर्ण चल–अचल सम्पत्ति तथा तिर्नु–व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०२/०४ को निर्णयअनुसार कम्पनीको नाम परिवर्तन गरी तोकुतेइगिनोउ मिराइ ट्रेनिङ सेन्टर प्रा.लि. कायम गरिएको जानकारी गराइन्छ ।**







## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ । स्थानः रातोमाटे भोर्ले ।

**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**

## आत्मा मारेर पारियो अलपत्र

# गरिबलाई छाडेन दुःखले

सन्देश संवाददाता

काठमाडौं/दक्षिणकाली नगर पालिकाको बचाल्नाखेलस्थित एउटा खोच, जहाँ हावामा बंगुर फार्मको तिखो दुर्गन्ध मिसिएको छ र शरीर भरि झिंगा भन्किरहेका छन्। त्यही फार्मको एउटा कुनामा १४ वर्षीय बौद्धिक अपांगता भएका छोरालाई काखमा राखेर सम्झना तामाङ टोलाइरहेकी छन्।



बैशाख १८ गते बल्खु खोलाकिनारको जागरण टोलमा सरकारले डोजर चलाएपछि १३ वर्षदेखिको थातथलो गुमाएको सम्झनाको परिवार करिब दुई सातादेखि बंगुर फार्मको यही टहरोमा बस्न बाध्य छ। घर भत्काइएको चोट त छँदैछ, सुकुम्बासी बस्तीमा चलाएको डोजरको त्रास ती बालबालिकाको मनोविज्ञानमा र यो अस्थायी बसाइको छटपटीमा प्रष्टै झल्किन्थ्यो। 'घर भत्किएपछि होस नै हरायो। के गर्ने, कहाँ जाने भन्ने नै थाहा भएन। फेरि पानी परेको पऱ्यो,' आफ्नो घरमा डोजर चलेको दिन सम्झँदै उनले भनिन्–मेरो त फेरि हिंड्न नसक्ने अपांग बच्चासहित पढ्ने नाबालक छोराहरु छन्।

उनीहरुलाई लगेर काठमाडौंको अरु कुन ठाउँमा बास माग्न जाने भन्ने नै थाहा नभएपछि हामी व्यवसायका लागि बनाएको यो सानो बंगुर फार्म नै तत्कालका लागि सुरक्षित लाग्यो। डोजर आएको दिन बस्ती निकै अस्तव्यस्त बनेको थियो। सोही दिन यही टोलका इन्द्रबहादुर राई बल्खुखोलामा मृत फेला परेका थिए। बुद्ध पूर्णिमाको सार्वजनिक बिदा भएकाले बालबालिकाहरु घरमै थिए। डोजर र प्रहरीको बाक्लो उपस्थितिबीच घर भत्काइएको दृष्यले आफ्ना सन्तानहरु निकै त्रसित भएको उनले सुनाइन्।

उनका १४ वर्षीय जेठा सन्तानमा बौद्धिक अपांगता छ भने त्यसपछिका दुई सन्तान जुम्ल्याहा हुन्। टाउकोको नसा सुकेका कारण जेठा छोराको शरीरको बायाँ भाग चल्दैन। अन्य बालबालिकाको तुलनामा उनको टाउकोको आकार सानो छ। उनी हिंड्न, बोल्न र सहाराबिना सीधा बस्न समेत सक्दैनन्।

*त्रसित सन्तान, अन्यौल भविष्य*

जन्मिएको ४५ दिनपछि ज्वरोले थालिएका सम्झनाका जेठा सन्तानलाई विशेष स्याहार चाहिन्छ। औषधिको आवश्यक परिरहन्छ। उनी पछिका कान्छा सन्तानहरु भने डोजरदेखि तर्सिन थालेका छन्। उनी भन्छिन्–ठूलो बोल्न सक्दैनन्। तर, घर भत्किने समयमा भाइहरु रोएको देखेर ऊ पनि बेस्सरी रोएको थियो। सानाहरुले कुरा गर्दा बालेन सरकार भन्यो भने पनि नभन्नु न, हामीलाई मन पर्दैन। डर लाग्छ भन्न थालेका छन्। बल्खुकै बस्तीमा रहेको सामाजिक संस्थाको सहयोगमा उनका छोराहरु पढिरहेका थिए। जेठा सन्तानलाई समेत संस्थाले नै भैंसेपाटीमा रहेको बौद्धिक अपांगता भएका बालबालिका पढ्ने विद्यालयमा पढाउने गरेको रहेछ। तर, धेरै महंगो भएको कारण उनको पढाइमा निरन्तरता हुन सकेन। सानाहरु भने सातदोबाटोस्थित बोर्डिङ विद्यालयमै पढिरहेका थिए।

बस्तीबाट विस्थापित भएपछि सहयोगी संस्थासँग उनीहरुको सम्पर्क टुट्यो र बालबालिका शिक्षाबाट वञ्चित भए। सरकारी विद्यालयमै भए पनि पढाउने सोचसाथ सम्झना र उनका पतिले बल्खुस्थित जनविकास माध्यमिक विद्यालयमा दुवै छोराको भर्नाका लागि आधा शुल्कसमेत बुझाएका थिए। तर, पछि चाल्नाखेलस्थित बंगुर फार्ममा बस्न जानुपरेको र विद्यालय टाढा भएकाले उनीहरुले भर्नाबापत् तिरेको रकम फिर्ता माग्नुपऱ्यो। हाल उनीहरुले चाल्नाखेलकै एक सरकारी विद्यालयमा दुई सन्तानलाई पढ्न त पठाएका छन्, तर बसाइ अस्थायी भएका कारण स्थायीरुपमा भर्ना भने गराउन सकेका छैनन्। व्यवसाय गर्ने उद्धेश्यले उनीहरुले २०८२ सालको जेठदेखि लागु हुने गरी यहाँ सानो जग्गा भाडामा लिएका हुन्। बंगुर पालनबाट राम्रो आम्दानी हुने सल्लाह पाएपछि उनीहरुले उत्साहित हुँदै यसमा लगानी गरेका रहेछन्।

तर, केही महिनाअघिमात्र ३२ वटा बंगुर मरेको सम्झनाले बताइन्। हाल उनीहरुसँग १४ वटामात्र बंगुर छन्। बंगुरको दाना लिनका लागि उनका पति राति २ बजे ठमेलका होटलहरुमा पुग्छन्। 'अब उता घर पनि गयो। यहाँ व्यवसायको पनि यस्तो हालत छ। यही बेलामा हामीलाई फेरि फार्म पनि खाली गर भनिरहेको छ। गरिबलाई दुःखले पनि कहिले नछाड्ने रहेछ। अब यही बंगुर फार्ममा समेत बास नपाउने अवस्था आइपऱ्यो,' सन्तानतर्फ हेर्दै आँखाभरिका आँसु पुछ्दै उनले भनिन्।

भाडामा लिएको जग्गा भए पनि स्थानीय तहले हाल बंगुरपालनमा कडाइ गरेको छ। छिमेकीहरु यही विषयमा उजुरी लिएर अदालतसम्म पुगेका छन्। दक्षिणकाली नगर पालिकाले ३५ दिने सूचना जारी गर्नुका साथै माइकिङमार्फत् यहाँका बंगुर फार्म र टहराहरु खाली गर्न निर्देशन दिइसकेको छ। सम्झनाजस्तै यस क्षेत्रमा करिब दुई सय वटा बंगुर फार्म छन्। व्यवसाय सुरु गरेयता उनीहरुले जागरण टोलमा दुई वटा बंगुरको मासु बिक्री गरेका थिए। त्यसबाहेक व्यवसायबाट निरन्तर घाटा बेहोरिरहेका उनीहरु ठाउँ नै खाली गर्नुपर्ने कठिन अवस्थामा पुगेका छन्। नगरपालिकाले उनीहरुलाई ठाउँ छाड्न जेठ ११ गतेसम्मको समयसीमा दिएको छ।

*अपराधी भन्दा बढी घृणा*

'कोठा पाउन पनि गाह्रो छ। मलाई त झन् अपांग छोरा भएकै कारण पहिला पनि काठमाडौंमा डेरा नदिएको कारण बस्तीमा बस्न गएको हो,' उनी भन्छिन्–हामीलाई अपराधीभन्दा पनि नराम्रो बनाइयो। बरु चोर, हत्यारालाई पनि यतिबिघ्न घृणा गर्दैन होला। हामीलाई सुकुम्बासी भनेर बाटोमा हिंड्दा पनि छिछि दुरदुर गर्छन्। यस्तो हुँदा त फेरि सरकारले नै राखेको होल्डिङ सेल्टरमा जाऊँ जस्तो लाग्छ।

आफ्नो भोगाइ सुनाउँदा सुनाउँदै उनी भावुक भइन्। सेल्टरको दयनीय अवस्थाबारे सुनेका समाचार र त्यहाँ बसिरहेका साथीहरुको अनुभव सकारात्मक नभएकाले उनमा अन्यौल छ। सेल्टरमा बस्दा अपांगता भएको छोरालाई झन् कठिनाइ हुने र अन्य सन्तानको पढाइ बिग्रने डरले त्यहाँ जान उनको मनले मानिरहेको छैन।

बंगुरपालन सुरु गर्नुअघि सम्झना बस्तीमै सिलाइको काम गर्थिन् भने उनका पति सुरक्षा गार्ड (सेक्युरिटी गार्ड) का रुपमा काम गर्थे। अपांगता भएको सन्तानको हेरचाहका लागि घरमै बस्नुपर्ने बाध्यता भएपछि उनीहरुले व्यवसाय गर्ने भनेर बंगुरपालन रोजेका थिए। दक्षिण ललितपुरकी स्थानीय सम्झनाको साथीहरुमार्फत् चिनजान भएपछि झापाका एक लिम्बु युवकसँग विवाह भएको थियो। विवाहपछि उनी झापा नै गइन्, तर गर्भावस्थामा स्वास्थ्य समस्या देखिएपछि उनी काठमाडौं फर्किइन्। पछि सन्तानको स्वास्थ्य अवस्था जटिल रहेको र नियमित उपचार चाहिने थाहा पाएपछि उनीहरु बल्खुमा बस्न पुगे।

'हामी बसेको ठाउँमा दुई खुट्टा नचल्ने दिदी एक्लै बसिरहनु भएको रहेछ।

## फेसबुकमा राखेर बैंकराद्वारा आत्महत्या

सन्देश संवाददाता

काठमाडौं/झापाको दमकमा एक बैंकरले आफ्ना बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सुरेन्द्रराज रेग्मीसहित चारजना सिनियर कर्मचारीको फोटो सामाजिक सञ्जालमा पोष्ट गर्दै आत्महत्या गरेका छन्। दमक नगरपालिका–८ लक्ष्मीमार्ग टोलका ४२ वर्षीय पिताम्बर खड्काले फेसबुक पोष्ट लेख्दै आत्महत्या गरेका हुन्।

ग्लोबल आइएमई बैंकको कोसी प्रदेशमा कार्यरत खड्काले आत्महत्या गर्नुअघि फेसबुकमा बैंकका सीईओ सुरेन्द्रराज रेग्मी, दीपचन्द्र रेग्मी, अनमिका कुँवर सिंह र सुमन पोखरेलको सामूहिक फोटो सार्वजनिक गरेका थिए। खड्का यसअघि झापा चाराआली शाखा प्रबन्धक थिए।

इलाका प्रहरी कार्यालय दमकका अनुसार आइतबार साँझ करिब ५ बजे खड्काले आत्महत्या गरेका हुन्। छोरा झुन्डिएको अवस्थामा फेला परेपछि बुबा महेश खड्काले तत्काल प्रहरीलाई खबर गरेका थिए।

घटनालगत्तै प्रहरी निरीक्षक नवीन राईको कमान्डमा घटनास्थल पुगेको टोलीले शवको मुचुल्का तयार गरी पोस्टमार्टमका लागि दमक अस्पताल पठाएको छ।

कार्यरत कर्मचारीले बैंककै बहालवाला सीईओसहित ४ जना उच्च अधिकारीको नाम र फोटो नै फेसबुकमा सार्वजनिक गरेर आफ्नो मृत्युको जिम्मेवार ठहऱ्याएपछि प्रहरीले उक्त डिजिटल सुसाइड नोट/पोस्टलाई प्रमाणका रूपमा लिएर अनुसन्धान अघि बढाएको छ।

# लागूऔषधदेखि साइबर अपराधसम्म मकवानपुर प्रहरी सक्रिय

सन्देश संवाददाता

हेटौंडा/जिल्ला प्रहरी कार्यालय मकवानपुरले चालु आर्थिक वर्षको साउनदेखि वैशाख मसान्तसम्म लागूऔषध नियन्त्रण, साइबर अपराध नियन्त्रण, घरेलु मदिरा नियन्त्रण तथा अवैध उत्खनन रोकथाममा उल्लेख्य कारबाही गरेको जनाएको छ। उक्त अवधिमा प्रहरीले ठूलो परिमाणमा लागूऔषध बरामद गर्नुका साथै सयौं व्यक्तिलाई पक्राउ गरेको तथ्यांक सार्वजनिक गरेको हो।



बुधबार आयोजित पत्रकार सम्मेलनमा प्रहरी उपरीक्षक श्याम बहादुर खत्रीले सार्वजनिक गरेको विवरणअनुसार १० महिनाको अवधिमा प्रहरीले २ हजार ७ सय ३७ किलोग्राम गाँजा, १ सय २१ किलो ४ सय ३० ग्राम चरेश, २८ किलो अफिम र २ सय ७ ग्राम खैरो हेरोइन बरामद गरेको छ। साथै २७ हजार ६ सय ३१ क्याप्सुल ट्रामाडोलसमेत नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

लागूऔषध ओसारपसारमा संलग्न ३ सय ६ जनालाई पक्राउ गरिएको छ भने त्यसमा प्रयोग भएका ३४ वटा सवारीसाधन नियन्त्रणमा लिइएको जानकारी दिइएको छ। प्रहरीले घरेलु मदिरा नियन्त्रण अभियानमार्फत् कारबाही, जरिवाना तथा कैदबाट ४४ लाख ३९ हजार रुपैयाँ राजश्व संकलन गरेको जनाएको छ। त्यस्तै २२ लाख २६ हजार रुपैयाँ बराबरका भन्सार छलीका सामग्री पनि बरामद गरिएको प्रहरीको तथ्यांकमा उल्लेख छ। साउनदेखि वैशाखसम्म जिल्लामा ९२ वटा मोटरसाइकल चोरी भएकोमा १६ वटा मोटरसाइकल फेला पारेर सम्बन्धित धनीलाई बुझाइएको प्रहरीले जनाएको छ।

यसैगरी नदीजन्य पदार्थको अवैध उत्खनन नियन्त्रणका क्रममा एउटा स्काभेटर, २० वटा टिपर र १ सय १ वटा ट्र्याक्टरमाथि कारबाही गरिएको छ। ती सवारीसाधनबाट ९ लाख ७३ हजार रुपैयाँ जरिवाना असुल गरिएको प्रहरीले जनाएको छ। मंगलबार मात्रै एउटा स्काभेटर नियन्त्रणमा लिई ५० हजार रुपैयाँ जरिवाना गरिएको प्रहरी प्रमुख खत्रीले जानकारी दिए।

यसैबिच मादक पदार्थ सेवन गरेर सवारी चलाउने ४ सय जनामाथि कारबाही गर्दा २ लाख ५२ हजार रुपैयाँ राजश्व संकलन भएको छ। लागूऔषध सेवन गरेर सवारी चलाउने ३१ जनाविरुद्ध मुद्दा दर्ता गरिएको प्रहरीले जनाएको छ। प्रविधिको प्रयोगसँगै साइबर अपराधका घटना पनि बढ्दै गएको प्रहरीको तथ्यांकले देखाएको छ। १० महिनाको अवधिमा २ सय ५५ वटा अनलाइन ठगी तथा स्क्यामका घटना दर्ता भएका छन्। फेसबुक ह्याकका १६, फेक फेसबुक आइडीका १९ तथा टिकटक लगायत सामाजिक सञ्जालमार्फत् भएका १५ वटा अपराधका घटना दर्ता भएको प्रहरीले जनाएको छ।

त्यसैगरी हराएका वा चोरी भएका ५ सय ८१ मोबाइलमध्ये १ सय ५ वटा मोबाइल फेला पारिएको छ। घरेलु हिंसाका ४ सय ७ वटा घटना दर्ता भएकोमा ३ सय २८ वटा मिलापत्र गरिएको, ३४ वटा घटनालाई सम्बन्धित निकायमा पठाइएको तथा १७ वटा घटनाको फर्च्योट हुन बाँकी रहेको प्रहरीले जनाएको छ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत प्रहरीले ७ सय ९ वटा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेकोसमेत पत्रकार सम्मेलनमा प्रहरी प्रमुख खत्रीले जानकारी दिए।

# कांग्रेस बागमतीद्वारा ३३ बुंदे संकल्प

सन्देश संवाददाता

हेटौंडा/नेपाली कांग्रेसको धुलिखेलमा सम्पन्न बागमती प्रदेशस्तरीय भेलाले ३३ बुँदे संकल्प पारित गरेको छ। नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा आयोजित बागमती प्रदेशस्तरीय प्रदेश तथा स्थानीय तहका पार्टी र जनप्रतिनिधिको भेलाका सहभागीबीच भएको संवाद, विषयगत् छलफल र विस्तृत अन्तर्क्रियाका आधारमा बागमती प्रदेशका प्रदेश तथा स्थानीय सरकारको नेतृत्व र पार्टीको नेतृत्वले ३३ बुँदामा संकल्प गरेका हुन्।

जेठ ४ र ५ गते चलेको भेलामा केन्द्रीय कार्यसमितिमा रहेका बागमती प्रदेशका पदाधिकारी एवम् सदस्य, बागमती प्रदेश कार्यसम्पादन समितिका सबै पदाधिकारी एवम् सदस्य, प्रदेशसभाका सरकार र प्रदेशसभामा रहेका सबै सदस्य, प्रदेशका जिल्ला सभापति, जिल्ला समन्वय समितिका निर्वाचित प्रमुख, उपप्रमुख, पालिकामा निर्वाचित प्रमुख, उपप्रमुखहरु, पालिकाका पार्टी सभापतिहरु, महासमिति सदस्यहरु, प्रतिनिधिसभा क्षेत्रीय सभापतिहरु, प्रदेशसभा क्षेत्रीय सभापतिहरु र पालिकाका पार्टी सभापतिहरु सहभागी थिए।

नेपाली कांग्रेसले परिकल्पना गरेको समुन्नत नेपालको प्रमुख आधार नै गाउँ र नगरको समुन्नति हो। संविधानतः जनताका प्रत्यक्ष सरोकारका विषयहरुमा तत्काल सेवाप्रवाह गर्ने जिम्मेवारी जनताको घरआँगनमा रहेको स्थानीय सरकारलाई भएको कुरालाई हृदयङ्गम गर्दै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाली कांग्रेस पार्टीको संकल्प र प्रतीज्ञा, सुशासनका मापदण्ड र आमनागरिकप्रतिको उत्तरदायित्व र जवाफदेहितालाई पूर्णरुपमा आत्मसात् गर्दै नेपाली कांग्रेसले नेतृत्व गरेका स्थानीय सरकार र प्रदेश सरकारको नेतृत्वले नीति तथा कार्यक्रममार्फत् स्थानीय र प्रदेश तहका सरकारका गतिविधिलाई थप नागरिकमैत्री, सुशासनयुक्त र परिणाममुखी बनाउन प्रतिवद्ध रहँदै प्रदेशको संस्कृति र सभ्यता, प्रकृति र पर्यटन, कृषि, भाषा, साहित्य र कला संरक्षण र सम्बर्द्धन गर्दै समुन्नतिमार्फत् महत्वपूर्ण आधार बनाउन प्रण गर्दै भेलाले संकल्प गरेको हो।

*यस्तो छ ३३ बुँदे संकल्प*

१. संविधानप्रदत्त नागरिक स्वतन्त्रता, हक र अधिकार संरक्षण गर्दै नागरिकमुखी नीतिमार्फत् उत्तरदायी र जवाफदेही सरकारका रुपमा थप प्रभावकारीढंगले कार्य गर्ने। २. असल शासन, विधि र जवाफदेहितालाई एकअर्काका परिपूरकका रुपमा लिँदै विधिमा टेकेरमात्र निर्णयहरु गर्ने मान्यतामा दृढ रहँदै पछिल्ला दिनमा संघीय सरकारबाट भइरहेका अलोकतान्त्रिक र अमर्यादित कार्यप्रति चिन्तासहित संघीय सरकारलाई संविधानको मर्म र भावना, विधि प्रक्रिया, नागरिकको आत्मसम्मान र मानवीयतालाई केन्द्रमा राख्न ध्यानाकर्षण गराउने।

३. नेपाली कांग्रेसको नेतृत्वमा बागमती प्रदेश सरकार र स्थानीय सरकारले शुरु गरेका असल अभ्यास र नवीन सिर्जनात्मक अभियानहरुलाई सूचीबद्ध गरी नागरिकपंक्तिमा पुऱ्याउने। एक स्थानीय तहले गरेका असल अभ्यासलाई अन्य स्थानीय तहमा समेत ग्रहण गर्ने। ४. प्रदेश सरकारको संरचनात्मक रुपान्तरण र व्यवस्थापकीय सुधार गर्न अनावश्यक संरचना खारेज वा समायोजन गरी स्थानीय सरकारबाट गर्न सकिने कार्य स्थानीय सरकार सँगको साझेदारीमार्फत् सेवाप्रवाहलाई जनताको घरआँगनमा पुऱ्याउने। ५. स्थानीय सरकारबाट प्रदान गर्ने सेवाप्रवाहलाई थप सरलीकृत गर्ने। अपांगता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरी, दीर्घरोग भएका नागरिक र अतिविपन्न बस्तीमा घरआँगनमा सेवा दिने प्रयासलाई प्रभावकारी बनाउने।

६. संवैधानिक व्यवस्थाअनुरुप सबै स्थानीय सरकारले असार १० भित्र अनिवार्यरुपमा बजेट सभामा पेश गर्ने। नीति तथा कार्यक्रमअनुसार बजेट तर्जुमा गर्ने। योजना तर्जुमा गर्दा अनिवार्यरुपमा सात चरण पूरा गरेर तथ्यमा आधारित र परिणाममुखी बनाउने। खर्चको मापदण्ड बनाइ कार्यविधि बमोजिममात्र गर्ने। 'शून्य बेरुजु स्थानीय तह' का लागि विशेष अग्रसरता लिने। ७. प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने समानीकरण अनुदान वृद्धि गर्ने, संघीय सरकारलाई समानीकरण अनुदान वृद्धि गर्न आग्रह गर्ने। बजेट वितरण प्रणालीलाई समानुपातिक, न्यायोचित र स्थानीय आवश्यकतामा आधारितढंगले विनियोजन गर्न प्रदेश र संघीय सरकारलाई आग्रह गर्ने।

आयोजना छनौट पद्धतिलाई व्यवस्थित र परिणामुखी बनाउन योजना बैंकमार्फत्मात्र योजना तर्जुमा गर्ने। तीन तहको सरकारबीच योजना बैंकमा तादम्यता ल्याउन र सोको अनिवार्य पालना गर्न प्रदेश सरकार र संघीय सरकारलाई आग्रह गर्ने। ९. योजना तर्जुमा गर्दा अनिवार्यरुपमा प्रदेश र स्थानीय पार्टी समितिसँग परामर्श गर्ने र सुझावलाई आत्मसात् गर्ने। पार्टी सरकार समन्वय संयन्त्र तत्काल गठन गरी संयन्त्रलाई प्रभावकारी बनाउन हरेक महिना नियमित संवाद गर्ने परिपाटी बसाल्ने।

१०. वित्तीय अनुशासन कडाइसाथ पालना गर्ने। निर्दिष्ट योजना र विनियोजित स्रोत सीमाबाहिर गइ अपारदर्शी वा अनुत्तरदायीरुपमा हचुवाका भरमा कुनै पनि निर्णय वा काम नगर्ने। अनुत्पादक क्षेत्रमा लगानी नगर्ने कुरामा दृढ रहने। ११. सार्वजनिक सेवा र नागरिक हितको आधारमा उद्यम व्यवसायमैत्री कर प्रणाली लागु गर्ने। प्रदेशभित्रका स्थानीय रैथाने उत्पादन र स्थानीय कच्चापदार्थ प्रयोग, युवालक्षित नवप्रवर्तन र रोजगारी सिर्जनालाई कर सहुलियत दिने व्यवस्था लागु गर्ने। १२. आफ्नो गाउँ/नगर पालिकाबाट अध्ययन, पेशा, श्रम र रोजगारीका लागि विदेशमा गइ फर्केर आएका नागरिकलाई स्थानीय सरकारले 'स्वागत र अभिलेख' गरी उनीहरुको ज्ञान, सिप, दक्षता र पुँजीलाई आफू जन्मेको गाउँठाउँको विकास, उद्यम र रोजगारीसँग जोड्न 'श्रमदेखि उद्यमसम्म' र 'जन्मभूमि समुन्नति विशेष अभियान' सञ्चालन गर्ने। रोजगार बैंक, उद्यम विकास केन्द्र तथा उद्यम मेलामार्फत् 'साथमा सिप र उद्यम, हातमा रोजगार' को वातावरण बनाउने। महिलाको परम्परागत् सिप ज्ञानलई उद्यमसँग जोड्न 'उद्यमी आमा' जस्ता कार्यक्रम सञ्चालन गर्ने।

१३. शिक्षा आन्तरिक लगानी वृद्धि गर्ने। स्थानीय कला, संस्कृति, भाषा, सभ्यता र विशिष्टता झल्कने गरी स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन, स्थानीय उत्पादन, सिप र अनुसन्धानमा आधारित 'दुरी घट्ने गति बढ्ने' सिकाइकेन्द्रित गुणस्तरीय शिक्षा प्रणाली विकास गर्ने। शिक्षकको क्षमता अभिवृद्धि, विद्यालय–समुदाय सहकार्य, विद्यालय डिजिटल सूचना प्रणाली र गुणस्तरमा लगानी, स्वयम्सेवी शिक्षक र अतिथि शिक्षक जस्ता असल अभ्यासलाई अनुशरण गर्ने। १४. स्वास्थ्य सेवालाई विशेष प्राथमिकतामा राख्दै घरआँगनमै सेवाका लागि अग्रसरता र साझेदारी गर्ने। नेपाली कांग्रेसको पहलकदमी र नेतृत्वमा आएको स्वास्थ्य विमा कार्यक्रममा सबै नागरिकलाई आवद्ध गर्न 'सबैलाई स्वास्थ्य बिमा–विपन्नको साथमा स्थानीय सरकार' भन्ने मान्यतासाथ विमा प्रभावकारी बनाउन आफ्नो स्थानीय तहमा सचेतना र अग्रसरता लिँदै 'बिमा ब्राण्डिङ' गर्ने।

१५. विद्यालय नर्स, समुदायमा नर्स, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, 'म स्वस्थ्य–मेरो समुदाय स्वस्थ्य' अभियान, नागरिकको डिजिटल हेल्थ प्रोफाइल, नसर्ने रोग स्क्रिनिङ, मानसिक स्वास्थ्य परामर्श, जनस्वास्थ्य मेला जस्ता असल अवधारणा र अभ्यासलाई थप व्यवस्थित बनाउने। १६. स्थानीय सरकारले गर्भावस्थादेखि नै भरथेग र साथ रहने गरी 'कोखदेखि शोकसम्म नागरिकको साथमा सरकार' एकीकृत कार्यक्रम सञ्चालन गर्ने।

१७. प्रदेशभित्र बसोबास गरिरहेका भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको कानुन बमोजिम समस्या समाधान गर्न धेरै स्थानीय तहले लगत संकलन, प्रमाणीकरण लगायत कार्य गरिसकेकाले तत्काल पूर्जा वितरणलगायत कार्यका लागि पहलकदमी लिने। भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्दा सबभन्दा पहिला नागरिकको आत्मसम्मानलाई ध्यान दिइ जोखिम क्षेत्रमा बसोबास गरेका नागरिकको परिवारलाई सुरक्षित स्थानमा पुनर्स्थापना गर्ने कार्यलाई प्राथमिकतामा राख्ने। संघ र प्रदेश सरकारसँगको समन्वयमा सुकुम्बासी परिवारको सम्मानजनक व्यवस्थापन गरी 'सुकुम्बासी समस्यामुक्त स्थानीय तह' अभियान सञ्चालन गर्ने।

१८. हायु, सुरेल, जिरेल, बनकरिया, कुसुन्डालगायत लोपोन्मुख र चेपाङ, थामी, माझी, दनुवार र बोटेलगायत अतिसीमान्तकृत जाति र समुदायको परम्परा, भाषा र संस्कृति संरक्षण एवम् प्रवर्द्धन गर्दै सामाजिक न्याय र आर्थिक समृद्धि सुनिश्चित गर्ने। १९. जन्मदर्ता, मृत्युदर्ता, स्वास्थ्य विमा दर्ता र नवीकरणलगायतका सेवा 'अनलाइन वा आँगनबाट' र आधारभुत स्वास्थ्य जाँच घरआँगनमै गर्ने 'घरआँगन सेवा' लाई प्रभावकारीढंगले अगाडि बढाउने। सेवाप्रवाहका लागि एकीकृत सेवा केन्द्र र घुम्ती सेवालाई थप प्रभावकारी बनाउने।

२०. महिलामाथि हुने हिंसा, जातीय छुवाछुत, लैंगिक, सामाजिक विभेदलगायत सामाजिक कुरीति र अन्धविश्वास नियन्त्रण गरी समतामूलक समाज निर्माण गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने। छुवाछुतमुक्त स्थानीय तह र प्रदेश बनाउन प्रदेश तथा स्थानीयस्तरमा सामाजिक रुपान्तरणका लागि 'इन्टर भेन्सन' का कार्यक्रम सञ्चालन गर्ने।

२१. वन्यजन्तुका प्राकृतिक बासस्थान र पर्यावरण संरक्षण गर्दै बाँदर र बँदेललगायत कृषि हानिकारक जंगली जनावर नियन्त्रण र नियमनका लागि पहल गर्ने तथा मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न आवश्यक कानुनी र संरचनागत् प्रवन्ध गर्न संघीय सरकारलाई आग्रह गर्ने। २२. बागमतीका प्रमुख पर्यटन स्थल, धार्मिक–सांस्कृतिक, साहसिक पर्यटन र मौलिकतामा आधारित पर्यटनलाई प्रवर्द्धन गर्न, पर्यटकीय गन्तव्यको पहिचान र वर्गीकरण गरी पर्यटकीय गुरुयोजनामार्फत् विद्यमान पर्यटन पूर्वाधार विकास गरी गुणस्तरीय पर्यटन प्रवर्द्धन गर्ने। सभ्यतायुक्त बागमती प्रदेशका मुख्य आध्यात्मिक–धार्मिक स्थललाई जोड्न विश्वव्यापी आध्यात्मिक पर्यटन हबका रुपमा विकास गर्न 'आध्यात्मिक पर्यटन पथ' को विकास गरी सडक, खानेपानी, विश्रामस्थल र उज्यालो सडक र एकीकृत डिजिटल गाइड र सूचना केन्द्र स्थापना गर्ने।

२३. ऐतिहासिक जात्रा, परम्परागत् सांस्कृतिक पर्वहरुको संरक्षणका लागि स्थानीय गुठी र सामुदायिक परम्परा एवम् अभ्यासहरुलाई कानुनी र वित्तीयरुपमा सबल बनाउने। २४. प्रदेशका सबै स्थानीय तहका प्राकृतिक, साहसिक र मानव–निर्मित आकर्षणहरुलाई रोजगारी सिर्जनाको मुख्य माध्यम बनाउने। आफ्नो स्थानीय तहभित्रका प्रमुख प्राकृतिक र पदयात्रा गन्तव्यहरुमा वातावरणमैत्री होटल तथा होमस्टेको सञ्जाल विस्तारमा सहजीकरण गर्ने। साहासिक पर्यटनमा निजीक्षेत्रको लगानी आकर्षित गर्न एकद्वार सेवा र कर छुटको नीति लिने। राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा स्थानीय समुदायको हितलाई केन्द्रमा राखी वन्यजन्तु सफारी र पर्यापर्यटनलाई वैज्ञानिकढंगले व्यवस्थापन गर्ने।

२५. कृषिउद्यम र साना उद्योग सञ्चालन गर्ने युवालाई विशेष सहुलियतपूर्ण ऋण र कर छुटको व्यवस्था गर्ने। किसानको उत्पादन सीधै शहरी उपभोक्तासम्म पुऱ्याउन पायक पर्ने स्थानमा उपज संकलन केन्द्र सञ्चालन, खाद्यान्न र शीत भण्डार एवम् कृषि एम्बुलेन्स व्यवस्थालाई थप व्यवस्थित गराउने। माटो स्वास्थ्य सुधार कार्यक्रमलाई विशेष अभियानकै रुपमा सञ्चालन गर्ने। २६. पूर्वाधार विकासलाइ भौतिक संरचनामा मात्र सीमित नराखी एकीकृत विकास अवधारणाअनुसार (सडक बिजुली, दूरसञ्चार, इण्टरनेट र खानेपानी) भौतिक विकासलाई जीवनस्तरको उन्नयनसँग जोड्ने। २७. प्रदेशसँग जोडिएका उत्तर तातोपानी, केरुङ र दक्षिण ठोरी नाकालाई आवश्यक पूर्वाधारसहित व्यवस्थित ढंगले सञ्चालन गर्न पहल गर्ने।

२८. विपद्जन्य जोखिमको दृष्टिकोणले संवेदनशील प्रदेशमा विगतका भुकम्प, बाढी र पहिरोबाट पाठ सिक्दै प्रदेशलाई सुरक्षित, पूर्वतयारीयुक्त र संकट झेल्न सक्ने बनाउन आवश्यक सहकार्य र साझेदारीको पहल गर्ने। २९. विपद् जोखिम न्यूनीकरण, नियन्त्रण र व्यवस्थापनका लागि स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारको सहकार्यमा नवीनतम् प्रविधि प्रयोग गरी जोखिम नक्सांकनलाई चुस्त र दुरुस्त बनाउन, सम्भाव्य विपद् जोखिमको पूर्वसूचना प्रणालीमार्फत् मानवीय र भौतिक क्षति कम गर्न, स्थानीय निर्माण सामग्री र प्रविधि प्रयोग गरी भुक्षय, बाढी र कटान नियन्त्रण गर्न 'विपद् उत्थानशील विकासः समुन्नतिको मूल आधार' विशेष अभियान सञ्चालन गर्ने।

३०. स्थानीय पाठ्यक्रममा जलवायु परिवर्तन, विपद् व्यवस्थापन र पूर्वतयारीसम्बन्धि विषय समावेश गर्ने। प्राकृतिक प्रकोपजन्य जोखिम न्यूनीकरणका लागि प्रत्येक स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन कोषमार्फत् तालिमप्राप्त युवा उद्धार कर्ता र आवश्यक संरचना, उपकरण र सामाग्री तयारी अवस्थामा राख्ने। सडक निर्माणमा जैविक इञ्जिनियरिङ अनिवार्य गर्ने।

३१. कानुन, योजना र बजेट निर्माणका क्रममा स्थानीय र प्रदेश सरकारसँग समन्वय गर्न, संघीयताको मर्मअनुसार अधिकार र बजेटको न्यायोचित वितरण सुनिश्चित गर्न, बाधक कानुन तत्काल खारेज गर्न।

**आकर्षक घडेरी बिक्रीमा**

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।

**सम्पर्क नम्बर : ९८४५१२३३६६**

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।

सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।

